जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २५७ • २०८१ साल माघ २९ गते मंगलबार (11 February, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## भ्रष्टाचार नियन्त्रण गर्न कर्मचारीको तलब वृद्धि आवश्यक :मुख्यमन्त्री सिंह

**टुडे समाचारदाता**

जनकपुरधाम । देशमा भइरहेको भ्रष्टाचार नियन्त्रण गर्न मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले कर्मचारीको तलब सुविधा बढाउनुपर्नेमा जोड दिएका छन् ।

मुख्यमन्त्री सिंहले कर्मचारीहरुले प्रयाप्त तलब, सुविधा नपाएकै कारण भ्रष्टाचार बढेको आशय व्यक्त गर्दै तलब, सुविधा वृद्धि गर्न सुझाव दिए ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४औं वार्षिकोत्सवको अवसरमा मधेश प्रदेश कार्यालयले जनकपुरधाममा सोमबार आयोजित कार्यक्रममा मुख्यमन्त्री सिंहले भने,'भ्रष्टाचार नियन्त्रण गर्न सम्बन्धित निकायले कडाइका साथ लाग्नु पर्छ । सदाचार, निष्पक्षता र निर्भीकताका साथै भ्रष्टाचार नियन्त्रणमा सबैले भूमिका खेल्नुपर्नेमा उनले जोड दिए ।

'शिक्षा, स्वास्थ्य, उद्योग, खानेपानी लगायत प्रत्येक क्षेत्रमा भ्रष्टाचार व्याप्त छ' सिंहले भने, दर्ता नभएका शिक्षा, स्वास्थ्य लगायतले राजस्व छल्ने काम गरेकाले ती निकायहरुलाई करको दायरामा ल्याइनुपर्छ ।

अख्तियारको मधेश प्रदेश कार्यालय बर्दिबासमा मधेश प्रदेश सरकार र स्थानीय निकाय विरुद्ध सर्वाधिक उजुरी पर्ने गरेको तथ्यांक सार्वजनिक भइसकेको छ ।अख्तियारले मधेश प्रदेश सरकारको केही ठूला आर्थिक अनियमितताको अनुसन्धानगरि मुद्दा चलाएको छ ।

प्रदेश सरकारले भ्रष्टाचारको विरोध गरेपनि नीतिगत रुपमा नै भ्रष्टाचार गर्न सक्रिय रहेको आरोप लाग्न थालेको छ । मधेश प्रदेश सरकारले कर्मचारीहरुको सरुवा, विकास निर्माण लगायतमा कमिसन लिने गरेको आरोपबाट मुक्त हुन सकेको छैन ।

मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुन फितलो भएकाले मुलुकमा भ्रष्टाचार बढेको बताए । बढदो महँगीको अनुपातमा कर्मचारीको तलबभत्ता नबढाएसम्म भ्रष्टाचार नियन्त्रण हुन नसक्ने उनले जिकिर गरे।

मुख्यमन्त्री सिंह र सभामुख मण्डलले कर्मचारीहरुको तलब, सुविधामा आवश्यकता अनुसार बृद्धि भए भ्रष्टाचार नियन्त्रण हुने तर्क दिए ।तर सरकार लगायतका प्रभावशाली पदमा रहने नेताहरुले नै सर्वाधिक भ्रष्टाचारमा लिप्त भएको आरोप कर्मचारीहरुको छ ।

कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले भ्रष्टाचार नियन्त्रणका लागि सामूहिक प्रतिवद्धताको खाँचो औल्याए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासका प्रमुख रामबहादुर कुरुवाङले भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा उल्लेखनीय रूपमा आर्थिक अनियमिततासम्बन्धी मुद्दाको फछ्र्यौट गरेको जानकारी दिए ।

### माओवादी मधेशमा सक्रियता बढाउँदै

## सरकारले अध्यादेश फिर्ता लिन बाध्य हुँदैछ :प्रचण्ड

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा माओवादी केन्द्रले प्रदेशसहित मुलुकभरमै पार्टीको जिम्मेवारी हेरफेर गरेसँगै मधेश प्रदेशमा सक्रियता बढाएको छ । पार्टीका उपमहासचिव मातृकाप्रसाद यादवलाई इन्चार्जको जिम्मेवारी दिए लगत्तै अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेशमा सक्रियता बढाएका छन् ।

महोत्तरीको बर्दिबासमा पार्टी बैठकमा सहभागी भएका पूर्व प्रधानमन्त्री समेत रहेका माओवादी अध्यक्ष प्रचण्डले सोमबार जनकपुर विमानस्थलमा संचारकर्मीहरुसंगको संक्षिप्त संवादमा वर्तमान सरकारले ल्याएको अध्यादेश असफल भएको दाबी गरे ।

'बहुमतको दम्भमा ल्याएको अध्यादेश राष्ट्रियसभामा असफल हुने देखेपछि ओली सरकार सो अध्यादेश कार्यसूचीबाट नै फिर्ता लिन बाध्य हुनु सरकारको असफलता हो' उनले भने, प्रधानमन्त्री केपी शर्मा ओली एमालेको नेतृत्वमा रहुञ्जेलसम्म वामपन्थी एकता सम्भव छैन् ।

अध्यक्ष प्रचण्डले एमालेको नेतृत्वमा वामपन्थी एकता सम्भव नरहेको बताए । उनले भने, अहिले देशको स्थिति सहज रुपमा अघि बढ्न छैन् । अध्यादेशको पक्षमा राष्ट्रिय सभामा बहुमत पुऱ्याउन नसक्दा सरकार पछाडी हटेको छ ।



'जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्नो मुद्दा छोडेर समर्थन नगरेको खण्डमा अध्यादेश राष्ट्रिय सभाबाट पारित हुन सक्दैन' उनले भने, दुई तिहाईको सरकार अध्यादेशको बाटोमा जानु नै गलत हो ।

राष्ट्रिय सभामा बहुमतको निर्णायक शक्ति जसपा नेपाल रहेको छ । तर जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव प्रधानमन्त्री केपी शर्मा ओली र प्रमुख प्रतिपक्षी दलका नेता प्रचण्डलाई पार्टी विभाजन गर्ने अपराधीको रुपमा हेरिरहेका छन् । प्रचण्ड सरकारमा यादव मन्त्री रहेको बेला अमेरिकामा हुँदा उनको दललाई प्रचण्ड र ओलीले मिलेर बिभाजन गराएका थिए ।

त्यसकारण प्रचण्ड र ओली दुवै जसपा नेपालको निर्णय आफ्नो पक्षमा नै हुनेमा विश्वस्त हुन सकिरहेका छैनन् ।

प्रचण्डले भने, 'अहिले स्थिति त्यति सहज हुँदै गइरहेको छैन । सदन शुरु भएको छ। सदनमा अध्यादेश प्रस्तुत भएको छ , तर त्यो रोकिएकोछ । तपाईहरुले राष्ट्रिय सभाको स्थिति बुझिराख्नुभएकै होला । त्यहाँ अहिले अगाडि बढ्न सकिरहेको स्थिति छैन । सरकारले जसरी एउटा गलत नियतले सदन बोलाउनुपर्ने बेलामा अध्यादेश ल्यायो । राष्ट्रिय सभामा बहुमत पुऱ्याउन पनि कठिन छ । राष्ट्रिय सभाबाट अध्यादेश पारित नहुने स्थिति बन्दै छ ।

सरकारमा आफूहरुको ध्यान नरहेको प्रष्टिकरण दिँदै उनले भने, प्रधानमन्त्री ओली अहिलेको आन्दोलन, परिवर्तन बर्बाद गर्न र संविधान खारेज गर्न चाहेका छन् ।

मधेशी जनताको लागि दुई पटक संसदमा संविधान संशोधनको प्रस्ताव गर्दा प्रधानमन्त्री ओलीले नै रोकेको आरोप पनि उनले लगाए ।

यस अघि प्रचण्डले कांग्रेसलाई सरकारबाट बर्खास्त गरी एमालेको समर्थनमा प्रधानमन्त्री बनेपछि आफूसँग 'जादुयी संख्या' रहेको अहंकार प्रतिनिधि सभामा देखाएका थिए ।

आफूहरू अहिले संगठन विस्तार गर्ने अभियानमा लागेको र जनतासँग जाने योजना रहेको उल्लेख उनले बताए । 'हामी पनि कहिले कांग्रेससँग, कहिले कोसँग मिल्दा उनीहरुको कल्चर हामीहरुमा पनि अलि सरेको जस्तो छ ' प्रचण्डले भने, अब हामी फेरि नुहाइधुवाइ गरेर जनतासँग जानु परेको छ ।'

सरकारको कमजोर स्थिति र तिनको दुई तिहाइ बहुमतको दाबीमा असहमति जनाउँदै प्रचण्डले भने, 'दुई तिहाइ भएको सरकारले अध्यादेशको बाटो हिड्नै हुने थिएन । ६ दिनपछि सदन बोलाउनु छ भने ६ दिन अगाडि अध्यादेश ल्याउनेबाट नै दुई तिहाई हुँदाहुँदै पनि यो सरकार कति कमजोर छ भन्ने प्रमाणित गर्छ ।' सरकारको गतिबिधिलाई आलोचना गर्दै उनले भने, 'यो सरकार जनताको पक्षमा, राष्ट्रको पक्षमा, सुशासनको पक्षमा काम गर्नका लागि बनेकै होइन ।'

सरकारको असंवैधानिकता र लोकतन्त्र विरोधी प्रवृत्तिको पनि उनले आलोचना गरे । संविधानको धारा ७६ को २ अनुसार प्रधानमन्त्रीको रुपमा विश्वासको मत लिन असफल भएपछि ३ मा गएर ठूलो दलको नेतृत्वमा सरकार बन्नुपर्नेमा त्यसलाई मिचेर अहिलेको सरकार बनेकोले असंवैधानिक रहेको आरोप उनले लगाए ।






# सर्लाहीका ४७ जना उखु किसान सम्मानित



बरहथवा । इन्दु शङ्कर चिनी उद्योगले आधुनिक विधि र प्रविधिको प्रयोगसहित उन्नत जातका उखु उत्पादन गरेका ४७ जना उखु किसानलाई सम्मान गरेको छ।

उद्योगका महाप्रबन्धक योग नारायण रजकका अनुसार उखु उत्पादनमा किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले उनीहरुलाई सम्मान गरिएको हो।

सम्मानित किसान नगरपालिका-९, विष्णुपुर निवासी उखु किसान पवनदेवी शर्माले उद्योगबाट प्राप्त बीउको प्रयोगबाट उखु उत्पादन बढेको तथा आधुनिक प्रविधिको प्रयोगबाट लागत घट्नुका साथै प्रतिकठ्ठा ५० क्वीन्टलसम्म उत्पादन बढेको बताउनुभयो।

विगतमा प्रति कठ्ठा २० क्वीन्टल उत्पादन गर्न नसकेको खेतमा अहिले ६० क्वीन्टलसम्म उखु फलाएको अर्का किसान माधव थापाले बताउनुभयो।

उद्योगका अध्यक्ष राजेश केडियाले किसानलाई खेतीको गुणात्मक विकासमा जोड दिन आग्रह गर्नुभयो। उहाँले स्थानीय, प्रदेश र सङ्घ सरकारले उखु 'जोन' कायम गरिदिनुपर्नेमा जोड दिनुभयो।

नगरपालिकाले उद्योगसँग मिलेर उखु किसानको लागि सिँचाइ, प्रविधि र उन्नत बीउविजन उपलब्ध गराउने योजनामा रहेको हरिवन नगरप्रमुख रमेश बुढाथोकीले जानकारी दिनुभयो।


सर्लाहीमा हरेक वर्ष ६४ हजार हेक्टरमा उखु उत्पादन हुँदै आएको छ। जिल्लाको हरिवनमा इन्दुशङ्कर, धन्कौलमा अन्नपूर्ण र गोडैतामा महालक्ष्मी चिनी उद्योग सञ्चालित छन्। रासस

# हामी सुशासन, समृद्धि र सामाजिक न्यायका लागि समर्पित हुनुपर्छः अध्यक्ष दाहाल

महोत्तरी। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले अब सुशासन, समृद्धि र सामाजिक न्यायका लागि समर्पित हुनुपर्ने बताउनुभएको छ।

महोत्तरीको बर्दिबास-३ गौरीडाँडास्थित 'आधारशीला' स्थापनाको २२ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै आज उहाँले यसका लागि आफ्नो दलले समुदायमा आधारित गतिविधिलाई अघि बढाउने निर्णय गरेको बताउनुभयो।

"भर्खरै पार्टीको केन्द्रीय समिति बैठक सम्पन्न गरेका छौँ, अब हामी समुदाय आधारित काममा केन्द्रित हुनेछौँ", अध्यक्ष दाहालले भन्नुभयो, "यसका लागि आगामी फागुन १२ गतेदेखि हुलाकी राजमार्गमा जनतासँग माओवादी अभियान सञ्चालन गर्दैछौँ।" उहाँले यस अभियानले यसअघि समुदायसँग अलगथलग बनेको सम्बन्धलाई सुधार्दै आगामी निर्वाचनमा आफ्नै बलबुतामा अगाडि बढ्ने गरी सहयोग पुऱ्याउने अपेक्षा व्यक्त गर्नुभयो।



समुदायसँगको अन्तर्घुलनबिना राजनीति, आर्थिक अवस्था र सांस्कृतिक रूपान्तरणका लक्ष्य पूरा नहुने भन्दै अध्यक्ष दाहालले पार्टीका सारा कामलाई जनकेन्द्रित बनाउन आधारभूत तहका पार्टी समितिले योजनाबद्ध काम अघि बढाउन पर्ने धारणा राख्नुभयो।

उँहाले 'आधारशीला' कम्युनको अवधारणालाई व्यवहारिक रूप दिन थालिएको एक प्रयत्न भएको बताउँदै अब देशभरिमै यस्ता प्रयत्न अघि बढाइने बताउनुभयो। "यो काम हाम्रा साथीले नेतृत्व गर्नुभएका मुलुकका १२३ स्थानीय तहबाट सुरु गर्ने गरी प्रक्रिया अगाडि बढाउने छौँ।

अब हाम्रो दलले सामूहिक जीवनको अभ्यास सिकाउने 'आधारशीला' जस्ता कम्युन मुलुकभरि नै अभियानका रूपमा अगाडि बढाइने छन्। समाजवादको आधारशीला बनाउन हाम्रा काम उदाहरणीय बन्नेछन्", अध्यक्ष दाहालको भनाइ थियो।

वार्षिकोत्सवमा माओवादी केन्द्रका उपमहासचिव तथा मधेस इञ्चार्ज मातृकाप्रसाद यादवले अब आफ्नो दल गुटपरस्त गतिविधिलाई चिर्दै अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो। कार्यक्रममा 'आधारशीला' का परिकल्पनाकार तथा संस्थापक माओवादी केन्द्रका उपमहासचिब गिरिराजमणिपोखरेलले आधारशीला स्थापनाको औचित्यबारे प्रकाश पार्नुभयो।

विसं २०५९ साल माघ २५ गते तत्कालीन नेकपा एकता केन्द्रमा आबद्ध गिरिराजमणि पोखरेलसहितका नेताले सहिद परिवार र पार्टीका पूर्णकालीन कार्यकर्ताको आश्रयस्थलका रूपमा स्थापना गर्नुभएको 'आधारशीला' मा अहिले १६ परिवार सामूहिक रूपमा बस्दै आएका छन्।

'आधारशीला' ले बर्सेनि माघ २५ गते स्थापना दिवस मनाउँदै आए पनि यसपालि प्रचण्डको अनुकूलता पार्न तीन दिनपछि कार्यक्रम आयोजना गर्नुपरेको समारोहमा जानकारी दिइएको थियो।

माओवादी केन्द्रका नेताहरू उर्मिला अर्याल, विश्वनाथ साह र प्रह्लाद बुढाथोकीसहितको उपस्थिति रहेको समारोह अध्यक्ष दीपबहादुर योञ्जनको अध्यक्षतामा सम्पन्न भएको हो। रासस

# सर्लाहीको नव जनजागरणले जित्यो राष्ट्रपति रनिङशील्ड




बरहथवा। बागमतीमा सम्पन्न सातौँ राष्ट्रपति रनिङशील्ड प्रतियोगिताको उपाधि नव जनजागरण माध्यामिक विद्यालयले जितेको छ।

आइतबार सम्पन्न प्रतियोगितामा १३ स्वर्ण पदक सहित नव जनजागरण माध्यामिक विद्यालयले राष्ट्रपति रनिङशील्ड हात पारेको हो।

यसैगरी, ११ स्वर्णपदक जितेको जनता माध्यामिक विद्यालय प्रतियोगिताको उपविजेता र तीन स्वर्णपदक जितेको जनवाल कल्याण माध्यामिक विद्यालय तेस्रो भएको छ।


प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका विद्यालयका विद्यार्थीहरूलाई बागमती नगरपालिकाका कार्यवाहक प्रमुख कृष्ण लामाले पुरस्कार प्रदान गर्नुभयो। प्रतियोगितामा नगरका २५ वटा सामुदायिक विद्यालय सहभागी थिए। रासस

# "वास सेवालाई राष्ट्रिय प्राथमिकतामा राख्न पहल गरिनेछ"

काठमाण्डु। खानेपानीमन्त्री प्रदीप यादवले सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवालाई राष्ट्रिय प्राथमिकतामा राख्न पहिल गरिने बताउनुभएको छ।

खानेपानी मन्त्रालयले आज यहाँ आयोजना गरेको 'समावेशी, जलवायु-उत्थानशील र सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवाको प्रगतिका लागि राजनीतिक प्रतिबद्धता' विषयक कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो।

मन्त्री यादवले भन्नुभयो, "वास सेवाको सशक्तीकरणका लागि सबैभन्दा पहिले आफ्नै पार्टीको केन्द्रीयस्तरबाट कार्यान्वयन गराउने गरी प्रतिबद्धता व्यक्त गर्छु। साथै, सरकारको राष्ट्रिय प्राथमिकतामा पार्नका लागि पहल गर्नेछु।"




उहाँले राजनीतिक दल, सङ्घ, प्रदेश र स्थानीय तहका सरकारले एकताबद्ध भएर लिखित प्रतिबद्धता जनाए वास सेवा सुधारमा ठोस उपलब्धि हासिल गर्न सकिने विश्वास व्यक्त गर्नुभयो। मन्त्री यादवले यसका लागि तीनै तहका सरकारबीच सहकार्य मजबुत बनाउन नगरपालिका सङ्घ, राष्ट्रिय गाउँपालिका महासङ्घलगायतका संस्थाहरूसँग सहकार्य गर्दै नीति तथा रणनीतिहरू परिमार्जन गर्न आवश्यक रहेकामा जोड दिनुभयो।

कार्यक्रममा प्रदेशका खानेपानीसँग जोडिएका मन्त्री, नगरपालिका सङ्घ, राष्ट्रिय गाउँपालिका महासङ्घका प्रतिनिधिसँग छलफल भएको थियो।

छलफलका क्रममा सहभागीहरूले सुरक्षित खानेपानी तथा सरसफाइका लक्ष्यहरू हासिल गर्न सबैले एकताबद्ध भएर काम गर्नुपर्ने र वास सेवालाई सुरक्षित, सबल, तथा समावेशी बनाउन निरन्तर प्रतिबद्ध रहनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा कर्णाली प्रदेशकी खानेपानीमन्त्री विजया बुढा, सङ्घीय खानेपानी मन्त्रालयका सचिव इ प्रमिलादेवी बज्राचार्य, सहसचिव मीना श्रेष्ठ, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इ रामकुमार श्रेष्ठ, सातवटै प्रदेशका सचिवहरू, उपमहानिर्देशक रामचन्द्र काफ्लेलगायतको उपस्थिति रहेको थियो। रासस

# अन्तर्राष्ट्रिय कुस्तीमा भारतलाई ८ र नेपाललाई ५ पदक

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको तिरहुत गाउँपालिमा संचालित अन्तराष्ट्रिय महिला तथा पुरुष कुस्ती प्रतियोगिता सोमबार सम्पन्न भएको छ।

सप्तरीको तिरहुत गाउँपालिकास्थित बाबा बनष्खण्डीको प्राङ्गण मैदानमा आयोजितप्रतियोगिताको फाइनल खेलमा पुरुषतर्फ चार र महिलातर्फ दुई वटा प्रतिष्पर्धा सम्पन्न भएको छ।

जसमा पुरुषतर्फ नेपाली पहलमानले ३ र महिलातर्फ एकमा जित निकाल्न सफल रहे। यस्तै भारतीय पहलमानले पुरुष र गरे। महिलातर्फ भएको दुई प्रतिष्पर्धामा नेपालकी ज्योती साहले भारतकी सोनाक्षीलाई पाखा लगाइन भने अर्को प्रतिष्पर्धामा भारतकी नम्रताले नेपालकी पुनिता यादवलाई पराजित गरिन्।

तीन दिनसम्म चलेको प्रतियोगिता अन्तरगत महिलातर्फ दुई र पुरुषतर्फ ११ प्रतिष्पर्धा भएकोमा पुरुषतर्फ भारतले सात र नेपालले चार पदक ल्याउन सफल भयो भने महिलातर्फ दुबै देशले एक-एक पदक बाडेका छन्।

प्रतियोगिता समाप्तिपछि आयोजित पुरस्कार बितरण



महिला दुबै प्रतिष्पर्धामा एक-एक जित निकाल्न सफल भए।

पुरुषतर्फ नेपाली पहलमान बसन्त थापा, पारस थापा र राहुल थापाले क्रमशः भारतका मन्जित पहलमान, शैतान सिंह र नकाबपोश पहलमानलाई पराजित गरे। यस्तै भारतका गब्बर सिंहले नेपालका अशोक यादवलाई पराजित समारोहमा प्रमख अतिथि गाउँपालिका अध्यक्ष बिजय यादव, प्रमुख प्रशासकीय अधिकृत ललन प्रसाद यादव, प्रहरी नायब उपरिक्षक महेन्द्र नेपाल लगायतले बिजयी खेलाडीहरुलाई पुरस्कार बितरण गरेका थिए। उक्त प्रतियोगितामा रामकुमार यादवले निर्णायकको भूमिका निर्वाह गरेका थिए।

# सशस्त्र प्रहरीका एसपीमा सन्तोष बस्नेत

**टुडे समाचारदाता**

रौतहट। सशस्त्र प्रहरीका एसपी सन्तोष बस्नेतले रौतहट जिल्लास्थित सशस्त्र प्रहरीको कमाण्ड सम्हालेका छन्। एसपी बस्नेतले सशस्त्र प्रहरी बल ११ नम्बर हेक्वा रौतहटको प्रमुखको रूपमा जिम्मेवारी सम्भालेका हुन्। सशस्त्र प्रहरी बल ३ नम्बर बाहिनी मुख्यालय चितवनबाट सरुवा भएर आएका एसपी बस्नेतले विधिवत रूपमा सोमवार सशस्त्र प्रहरी रौतहटको प्रमुखको जिम्मेवारी सम्भालेका हुन्। २०६० सालमा उनी इन्स्पेक्टरबाट सशस्त्र प्रहरी सेवामा प्रवेश गरेका थिए। यसअघि सशस्त्र प्रहरी रौतहटका जिल्ला प्रमुख एसपी बिक्रम हुमागाईंको सशस्त्र प्रहरी बल बाहिनी पकली सुनसरी सरुवा भएको छ।

यसैबीच नव आगन्तुक सशस्त्रका एसपी सन्तोष बस्नेतलाई मौलापुर नगरपालिकाकी मेयर रिना कुमारी साहले सम्मान सहीत स्वागत गरेकी छिन्। सोमवार मेयर साह सशस्त्र प्रहरी बल नम्बर ११ हेक्वा गौर पुगेर एसपी बस्नेत लाई खाँदा ओढाएर स्वागत गर्दै कार्यकाल सफलताको अग्रिम शभकामना दिएकी छिन्।

# राष्ट्रिय पञ्चायत सदस्य नानीमैयाँ दाहालको निधन

काठमाण्डु। राष्ट्रिय पञ्चायत सदस्य नानीमैयाँ दाहालको ९२ वर्षको उमेरमा निधन भएको छ।

निमोनियाँ रोगले पीडित दाहालको आज दीर्घायु अस्पताल काठमाडौँमा निधन भएको गोकर्णेश्वर नगरपालिका-६ का पूर्वअध्यक्ष रमेश अर्यालले राससलाई जानकारी दिनुभयो। पञ्चायतकालमा जोगमेहर श्रेष्ठलाई दोब्बर बढी मतान्तरले हराएर दाहाल राष्ट्रिय पञ्चायत सदस्य निर्वाचित हुनुभएको थियो। श्रेष्ठलाई हराएपछि उहाँ चर्चामा आउनुभएको थियो।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : रोग प्रतिरोधात्मक क्षमता बढ्नेछ। परिवारको साथ र सहयोग मिल्नेछ।
वृष : दिन सामान्य छ। साना कुरामा विवाद नगर्नु राम्रो हुनेछ।
मिथुन : दिन रमाइलो छ। परिवारसँग बसेर नयाँनयाँ परिकार खाएर रमाइलो गर्ने अवसर मिल्नेछ।
कर्कट : अढैया शनि भए पनि शुभग्रहको बहुमत छ। लगानीको क्षेत्रमा घाटा नहुने देखिन्छ।
सिंह : दिन राम्रो छ। लगानीका क्षेत्र सबल छन्।
कन्या : दिन सामान्य छ। परिवारको साथमा रमाइलो गर्ने अवसर मिल्नेछ।
तुला : बन्धुसँगको कारोबारबाट मनोकामना पूरा हुनेछ।
वृश्चिक : खटपटी बढ्नेछ। प्रेम सम्बन्धमा सम्हालिएर अगाडि बढ्नुपर्नेछ।
धनु :विपक्षीको आवाज सुन्ने बानीको विकास नहुँदा घाटा हुने जोखिम छ।
मकर : दिन सामान्य छ। अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ। हरेक काममा बाधा आइलाग्नेछ।
कुम्भ : दिन सामान्य राम्रो छ।
मीन : सोचेका काम बन्नेछन्।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# राष्ट्रियसभाबाट मिडिया काउन्सिल विधेयक पारित



काठमाण्डु । राष्ट्रियसभाको आजको बैठकले 'मिडिया काउन्सिल विधेयक-२०८० ' पारित गरेको छ । बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले प्रस्तुत गर्नुभएको विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित 'मिडिया काउन्सिल विधेयक, २०८० पारित गरियोस्' भन्ने प्रस्तावलाई बैठकले सर्वसम्मतिले पारित गरेको हो ।

त्यसअघि उक्त विधेयकको दफावार छलफलमा सांसद राजेन्द्रलक्ष्मी गैरेले भाग लिनुभएको थियो । छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै सञ्चारमन्त्री गुरुङले विधायन व्यवस्थापन समितिमा लामो समय छलफल भइ पारित भएर राष्ट्रियसभामा आएको भन्दै मिडिया काउन्सिल विधेयकलाई बढी स्वायत्त बनाउन यस क्षेत्रको नियमन र स्वनियमन गर्ने सम्पूर्ण अधिकार दिएर कसरी मर्यादित, पृथक तथा स्वायत्त निकाय बनाउन सकिन्छ भनेर धेरै विषय उठाइसकेकाले सो विधेयकलाई सर्वसम्मतिले पारित गर्न अनुरोध गर्नुभएको थियो ।

मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्ने हेतुले तत्कालीन सञ्चारमन्त्री रेखा शर्माले २०८१ वैशाख १२ गते मिडिया काउन्सिल विधेयक दर्ता गराउनुभएको थियो। उक्त विधेयक गत जेठ १३ गते राष्ट्रियसभामा प्रस्तुत भएको थियो।

पत्रकारिता क्षेत्रमा पेसागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायको रूपमा स्थापित गर्ने उद्देश्यले मिडिया काउन्सिल विधेयक ल्याइएको हो । स्वायत्त नियामक निकायको रूपमा स्थापना र सञ्चालन सम्बन्धमा नयाँ कानुनको मस्यौदा आवश्यक रहेकाले राष्ट्रिय आमसञ्चार नीति, २०७३ लागू भई प्रेस काउन्सिललाई पत्रकारिता क्षेत्रको आचारसंहिता उलङ्घन सम्बन्धी उजुरी सुनुवाई गर्ने स्वतन्त्र, स्वायत्त र सक्षम निकायको रूपमा विकास गर्न तथा पत्रकारिताको क्षेत्रमा आएका परिवर्तन एवं प्रविधिमा भएको विकासको प्रयोगलाई आत्मसात गरी प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा रुपान्तरण गरी सक्षम निकायको रूपमा विकास गर्न विधेयक ल्याइएको जनाइएको छ ।

समय सापेक्ष विद्युतीय अनलाइन र छापा पत्रकारिता पेशलालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं विश्वसनीय बनाई स्वच्छ तथा स्वतन्त्र रूपमा पत्रकारिताको विकास, संरक्षण तथा नियमनलाई व्यवस्थित बनाउन कानुन निर्माण गर्नु आवश्यक भएकाले सो विधेयक ल्याइएको उल्लेख गरिएको छ ।

बैठकमा राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले राष्ट्रियसभाबाट पारित भइ सन्देशसहित प्रतिनिधिसभामा पठाइएको ' विधायन सम्बन्धी विधेयक, २०८० ' का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबुल गर्नुभएको थियो ।

राष्ट्रियसभाको अर्को बैठक आगामी फागुन ४ गते दिउँसो १ बजेर १५ मिनेटमा बस्नेछ । रासस

# भ्रष्टाचारसम्बन्धी अनुसन्धानलाई आधुनिकीकरण गर्दै लैजानुपर्नेमा राष्ट्रपतिको जोड

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले भ्रष्टाचारको प्रकृति र स्वरूपमा परिवर्तन भइरहेको अवस्थामा अनुसन्धान र अभियोजन प्रक्रियालाई पनि आधुनिकीकरण गर्दै लैजानुपर्नेमा जोड दिनुभएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३४औँ स्थापना दिवसका अवसरमा आज यहाँ आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले सूचना प्रविधिको तीव्र विकास र प्रयोगसँगै बदलिएका भ्रष्टाचारका तरिका र प्रवृत्तिलाई निस्तेज बनाउन आयोग सक्षम हुनुपर्ने बताउनुभयो ।

राष्ट्रपति पौडेलले कसैको दबाब वा प्रभावमा नपरी कसूर र कसुरदार ठूलो वा सानो नभनी काम गर्न आयोग चुक्ने र झुक्ने छैन भन्नेमा आफू विश्वस्त रहेको बताउनुभयो । भ्रष्टाचारसम्बन्धी विधेयक लामो समयसम्म किनारा नलाग्दा पनि केही समस्या आएको गुनासो आइरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो- "भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पनि पक्षधर मुलुक भएकाले त्यसमा उल्लेखित प्रावधानअनुरूप हाम्रा कानुन र संयन्त्र परिमार्जन गर्न आवश्यक छ ।"

राष्ट्रपति पौडेलले सुशासन, सामाजिक न्याय र समृद्धिको अवधारणालाई मूर्तरूप दिन सबै प्रकारका भ्रष्टाचारलाई छानबिनको दायरामा ल्याउनुपर्ने उल्लेख गर्दै आयोगले शक्ति र पद हुँदैमा जोकोही कानुनी जवाफदेहीताबाट मुक्त हुँदैन भन्ने विश्वास आमनागरिकमा जागृत गराउन सक्नुपर्ने बताउनुभयो । उहाँले नागरिकको जीवनस्तरमा गुणात्मक सुधार गरी जनताको विकास र सुशासनप्रतिको उच्च आकांक्षालाई पूरा गर्दै देशको हित, कल्याण र अन्तर्राष्ट्रिय छविको लागि सदाचार, निष्पक्षता, पारदर्शीता एवम् निर्भिकतालाई मूल मन्त्र बनाएर काम गर्न पनि सुझाव दिनुभयो ।

राष्ट्रपति पौडेलले नीति, पद्धति, प्रविधि र प्रवृत्तिगत सुधारका प्रयासलाई प्रभावकारी बनाएर अनुशासन र सदाचार प्रणालीको विकास गर्नु आजको




आवश्यकता भएको बताउनुभयो । बानी, व्यवहार, आचरण र अभ्यासले म भ्रष्टाचार गर्दिन र हुन पनि दिन्न भन्ने प्रण गर्ने हो भने यसलाई जरैदेखि निर्मूल गर्न सकिने उहाँको भनाइ थियो ।

उहाँले लोकतन्त्रको सुदृढीकरण, आर्थिक विकास, सुशासन, सामाजिक न्याय र समृद्धिको आम नागरिकको चाहनालाई सुशासन र पारदर्शीताबिना जनताको घरदैलोमा पुऱ्याउन नसकिने स्पष्ट पार्नुभयो ।

राष्ट्रपति पौडेलले सरकारी ढुकुटी र बजेट कार्यक्रमको दुरूपयोगसम्बन्धी विचलनलाई समयमै नियन्त्रण गर्न राज्य संयन्त्र हरदम चनाखो रहनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "कानुनी राज्यको स्थापना र सुशासनको प्रत्याभूति गराउनु राज्यको प्रमुख दायित्व भएकाले आयोगले भ्रष्टाचारका सम्भाव्य जोखिमका बारेमा सार्वजनिक निकाय र पदाधिकारीलाई बोध गराई यसको नियन्त्रणमा अग्रणी भूमिका निर्वाह गर्न कुनै कसर बाँकी राख्ने छैन ।"

राष्ट्रपतिले राज्यका निकाय, निजी क्षेत्र, नागरिक समाज र आमनागरिकले आ-आफ्नो तहबाट प्रवर्द्धनात्मक र निरोधात्मक कार्य गरी भ्रष्टाचारको न्यूनीकरणमा जिम्मेवारी

> "कानुनी राज्यको स्थापना र सुशासनको प्रत्याभूति गराउनु राज्यको प्रमुख दायित्व भएकाले आयोगले भ्रष्टाचारका सम्भाव्य जोखिमका बारेमा सार्वजनिक निकाय र पदाधिकारीलाई बोध गराई यसको नियन्त्रणमा अग्रणी भूमिका निर्वाह गर्न कुनै कसर बाँकी राख्ने छैन ।"

बोधसहित भ्रष्टाचारमुक्त समाज स्थापना र सुशासनको प्रत्याभूतिका लागि तत्परता र सक्रियता देखाउन जरूरी रहेको धारणा राख्नुभयो ।

आयोगको प्रमुख आयुक्त प्रेमकुमार राईले सुशासन प्रवर्द्धन गरी भ्रष्टाचार नियन्त्रण गर्न आयोगले विविध रणनीतिका साथ सकारात्मक पहलकदमी लिइएको जानकारी गराउनुभयो । उहाँले सार्वजनिक सेवा प्रवाह र विकास निर्माणलाई अनुसन्धान कार्यले हतोत्साही नबनाओस् भन्नेतर्फ सचेत रहँदै अनुसन्धान पद्धतिमा निरन्तर सुधार गरिरहेको स्पष्ट पार्नुभयो ।

प्रमुख आयुक्त राईले सूचना प्रविधिको उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई थप अनुमानयोग्य, सरल, सुलभ र व्यवस्थित बनाउने नेपाल सरकरको प्रयास भए पनि यातायात, मालपोत, नापी, राहदानी, वैदेशिक रोजगार, अध्यागमनलगायत सङ्घीय कार्यालयको सेवा प्रवाह जनअपेक्षाअनुरूप प्रभावकारी हुन नसकेको बताउनुभयो । "प्रदेश र स्थानीय सरकारबाट प्रदान गरिने सेवा झन् जटिल र खर्चिलो हुन गई जनताले सहज र सरल सेवा प्राप्त गर्न नसकिरहेको अवस्था छ", उहाँले भन्नुभयो, "नागरिकलाई सरल र सहज सेवा दिनका लागि थप सुधारका उपाय अवलम्बन गर्न आवश्यक देखिएको छ ।"

प्रमुख आयुक्त राईले सार्वजनिक स्रोत र राज्य शक्तिको प्रयोग गर्ने पदाधिकारीमा सदाचार संस्कृतिको विकास गर्न सचेतना, प्रचारप्रसार र सहकार्यको रणनीतिसमेत आयोगले अवलम्बन गरेको बताउनुभयो । सुशासन स्थापनाका लागि हरेक नागरिक परिवर्तनको संवाह र सरकार नेतृत्वकर्ता हो भन्दै उहाँले नागरिक तहबाट आएको चासोलाई सम्बोधन गरी सशुासनको अवस्था सुधार गर्न सरकारको अगुवाइमा नै विशेष अभियान सञ्चालन गर्न आवश्यक रहेको बताउनुभयो ।

प्रमुख आयुक्त राईले पारस्पिरिक कानुनी सहायता ऐन र सुपुर्दगी ऐनजस्ता महत्त्वपूर्ण कानुन कार्यान्वयन भए पनि सम्बन्धित मुलुकसँग द्विपक्षीय सम्झौता हुन नसक्दा मुलुक बाहिर हुने गरेको भ्रष्टाचारसम्बन्धी लेनदेनका विषयमा पारस्पारिक कानुनी सहायतामार्फत आवश्यक तथ्य सङ्कलन गर्न समस्या देखिएकाले आयोगको अनुसन्धान कार्यमा कठिनाइ आइपरेको बताउनुभयो । उहाँले सम्बद्ध मुलुकसँग पारस्परिक कानुनी सम्झौता गरी सम्पत्ति शुद्धीकरण निवारणमा सकारले शीघ्र पलहदमी लिने विश्वास व्यक्त गर्नुभयो ।

समारोहमा राष्ट्रपति पौडेलले आयोगको स्मारिका-२०८१ लोकार्पण गर्नुभयो । राष्ट्रपतिले आयोगका उपसचिव विष्णुराज वेलबासे र प्रहरी नायब उपरीक्षक कमलकुमार खड्कालाई उत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार र आयोगका नापी अधिकृत रूविना शाहीलाई उत्कृष्ट अख्तियार सेवा पुरस्कार प्रदान गर्नुभयो । सो पुरस्कारको राशि जनही रू ३५ हजार रहेको छ।

सो अवसरमा सभामुख घिमिरेले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने पत्रकार र सञ्चार संस्थालाई पुरस्कृत गर्नुभयो । समारोहमा सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, उपप्रधानमन्त्री, उपसभामुख, राष्ट्रियसभाका उपाध्यक्ष, मन्त्रिगण, उच्च पदस्थ कर्मचारीलगायत सहभागी हुनुहुन्थ्यो । 'भ्रष्टाचार नियन्त्रणमा नागरिक साझेदारी, सुशासन प्रवर्द्धनमा सबैको जिम्मेवारी' नाराका साथ आयोगले आज विविध कार्यक्रम गरी ३४औँ स्थापना दिवस मनाउँदै छ । रासस

### प्रतिनिधिसभा बैठक :

# बहुमतका आधारमा संसदीय अभ्यासमा हस्तक्षेप गरेको आरोप

काठमाण्डु । प्रतिनिधिसभामा प्रतिपक्षी दलका सांसदहरूले बहुमतका आधारमा संसदीय अभ्यास र प्रक्रिया मिच्ने काम भएको आरोप लगाउनुभएको छ । प्रतिनिधिसभाको आजको बैठकमा उहाँहरूले संसदीय समितिले सर्वसम्मतिबाट पारित गरेको विधेयकलाई बेवास्ता गरी बहुमतका आधारमा पारित गरेको भन्दै आपत्ति जनाउनुभयो ।

विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसदीय समितिबाट पारित भए पनि संशोधन हाल्नुले गलत नजिर स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरूले आपत्ति जनाए । बैठकको शून्य समयमा नेकपा (माओवादी केन्द्र) का संसदीय दलका प्रमुख सचेतक हितराज पाण्डेले विधायन विधेयक, २०८१ मा सङ्ख्याको बलमा विधेयक पारित गरेर संसद्लाई नै कमजोर बनाएको आरोप लगाउनुभयो ।

रास्वपाका सांसद सोविता गौतमले समितिबाट आएका हरेक प्रतिवेदनमाथि सरकारले फेरि संशोधन राख्न पाउने नजिर स्थापना भएकामा आपत्ति जनाउनुभयो । "विधायन सम्बन्धमा व्यवस्था गरिएको विधेयक यो सदनबाट पारित गर्दै गर्दा, कानुन समितिले विस्तृत रूपमा छलफल गरी, कानुनमन्त्रीकै उपस्थितिमा छलफल गर्दै सर्वसम्मतिमा पारित गरेको प्रतिवेदनमाथि सरकारले संशोधन प्रस्ताव गऱ्यो", उहाँले भन्नुभयो ।

शून्य समयमा सांसदहरूले सडक निर्माणमा भइरहेको ढिलाइ, सडक सुरक्षा, कृषकको समस्या, जलवायु परिवर्तनको प्रभाव, सुरक्षा व्यवस्था, तटबन्धको व्यवस्था र सामाजिक सञ्जालमा महिलामाथिको हिंसालगायत विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद बिना लामाले जनताको समस्या सरकारले नसुनेको गुनासो गर्नुभयो ।

सांसद वीरबहादुर बलायरले सुदूरपश्चिम प्रदेशको राजधानी किन नतोकिएको भन्दै सरकारसँग जवाफ माग गर्नुभयो । सांसद विराजभक्त श्रेष्ठले सामाजिक सञ्जाल सञ्चालन सम्बन्धी विधेयकप्रति असन्तुष्टि व्यक्त गर्नुभयो ।

सांसद शक्तिबहादुर बस्नेतले भूकम्प प्रभावितलाई अस्थायी बसोबासका लागि तत्काल रकम भुक्तानी गर्न सरकारसँग माग गर्नुभयो ।

सांसद शान्ति विकले नेपाल प्रहरी विधि विज्ञान प्रयोगशालाको क्षमता अभिवृद्धि गर्न



> रास्वपाका सांसद सोविता गौतमले समितिबाट आएका हरेक प्रतिवेदनमाथि सरकारले फेरि संशोधन राख्न पाउने नजिर स्थापना भएकामा आपत्ति जनाउनुभयो । "विधायन सम्बन्धमा व्यवस्था गरिएको विधेयक यो सदनबाट पारित गर्दै गर्दा, कानुन समितिले विस्तृत रूपमा छलफल गरी, कानुनमन्त्रीकै उपस्थितिमा छलफल गर्दै सर्वसम्मतिमा पारित गरेको प्रतिवेदनमाथि सरकारले संशोधन प्रस्ताव गऱ्यो", उहाँले भन्नुभयो ।

सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद शिशिर खनालले कुवेतमा घरेलु कामदारका रूपमा कार्यरत महिलाले भोग्नु परेका समस्याप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद शेरबहादुर कँवरले पशुपति क्षेत्र विकास कोषका सरसफाइ कर्मचारीलाई बिनाकारण कामबाट निकालिएको भन्दै उनीहरूलाई पुनर्बहाली गर्न माग गर्नुभयो ।

सांसद शोभा ज्ञवालीले बर्दियाको कृष्णसार संरक्षण क्षेत्रमा रहेको सुकुम्बासी बस्तीलाई समयमै स्थानान्तरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सरस्वती बजिमयले मध्यपहाडी लोकमार्गअन्तर्गतको सेखुवा-चखेवा सडक निर्माणका लागि स्रोत सुनिश्चितताको माग गर्नुभयो ।

सांसद सरस्वती सुब्बाले नयाँ गुठी ऐनको आवश्यकता औँल्याउँदै विधेयक ल्याउन माग गर्नुभयो ।

सांसद सराजअहमद फारुकीले कपिलवस्तु क्षेत्र नं ३ मा नदी कटानको समस्याप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सरिता प्रसाईंले झापामा हात्ती आतङ्क नियन्त्रण गर्न सरकारसँग माग गर्नुभयो । सांसद सरिता भुसालले हुलाकी मार्ग निर्माण समयमै सम्पन्न गर्न आग्रह गर्नुभयो ।

सांसद स्वर्णिम वाग्लेले आँबुखैरेनी-पोखरा सडक विस्तारसँगै सडक दुर्घटना बढिरहेकोतर्फ सचेत गराउनुभयो ।


सांसद शान्ती चौधरीले कृषकलाई समयमै मल र पानी उपलब्ध गराउन माग गर्नुभयो । सांसदहरू सीताकुमारी राना, सीता मिजार, सुनिता बराल, सुशीला सिर्पाली ठकुरी, सुरेन्द्रराज आचार्य, सुशीला श्रेष्ठ, सूर्यकुमारी श्रेष्ठ, सूर्यप्रसाद ढकाल, सूर्यमान तामाङ दोङ, सङ्गीता मण्डल धानुक, सञ्जयकुमार गौतम, हर्कमाया विश्वकर्मा, हरि ढकाल, हितबहादुर तामाङ, हेमराज राई, ज्ञानेन्द्रबहादुर कार्की, ज्ञानु बस्नेत सुवेदी र शिव नेपालीले जनसरोकारका विभिन्न विषयमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । रासस

# पशुपति क्षेत्रमा महाशिवरात्रिको तयारी

काठमाण्डु । पशुपति क्षेत्रमा महाशिवरात्रिको तयारी सुरु भएको छ । महाशिवरात्रिको तयारी स्वरुप पशुपति क्षेत्रमा सफाइ गरिएको छ ।

पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा मिलनकुमार थापाको नेतृत्वमा भएको सफाइमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, कोषका कर्मचारी, स्थानीय एवं भक्तजनको पनि सहभागिता रहेको थियो । महाशिवरात्रिमा पशुपतिलाई आकर्षक रूपमा सजाउन रङरोगन गरिने कोषका सदस्य सचिव थापाले बताउनुभयो।

महाशिवरात्रिका लागि पशुपति क्षेत्रमा विभिन्न देवी



देवताका आकर्षक भित्ते चित्र पनि बनाइने भएको छ। त्यसको काम पनि सुरु भएको कोषले जनाएको छ । पशुपति क्षेत्रमा अहिले महाशिवरात्रिको पूर्वतयारीका लागि काम भइरहेको छ।

यस वर्ष भारतको प्रयागराजमा चलिरहेको महाकुम्भमा आएका धेरै साधु सन्त पनि आउनसक्ने अनुमान गरेर त्यसै अनुरुपका तयारी सुरु गरिएको कोष, संस्कृति संरक्षण महाशाखाका निमित्त प्रमुख इश्वर भण्डारीले बताउनुभयो । महाशिवरात्रिमा पशुपतिनाथ आउने साधु सन्त प्रत्येक वर्ष बढ्ने गरेका छन् । यस वर्ष महाकुम्भकै कारण पनि साधु सन्तको सङ्ख्या बढ्ने अनुमान गरिएको छ।

महाशिवरात्रिको तयारीका लागि सोमबार अथवा मङ्गलबार नै कोष सञ्चालक परिषद्को बैठक बसी अरु तयारीका काम पनि अघि बढाइने भएको छ । प्रत्येक वर्ष महाशिवरात्रिका दिन फागुन कृष्ण त्रयोदशीमा नेपाल र भारतका विभिन्न स्थानबाट लाखौँ भक्तजन पशुपति क्षेत्रमा आउने गर्छन् । यस वर्ष फागुन १४ गते बुधबार महाशिवरात्रि पर्व परेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले स्वीकृति दिएको पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ। रासस

# ४७२ जना फरार प्रतिवादी पक्राउ

**संजय मिश्रा**

रौतहट । जिल्ला प्रहरी कार्यालय रौतहटले सञ्चालन गरेको अभियान अन्तर्गत दण्ड सजाय तोकिएर लामो समय देखि फरार रहेका ४७२ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा फैसला कार्वान्यनको लागी जिल्लामा संचालित फरार प्रतिवादी पक्राउ अभियान अन्तर्गत उक्त प्रतिबादीहरु लाई पक्राउ गरी कारबाहीको दायरामा ल्याईएको हो।

सोमवार किर्ते जालसाजी मुद्दाका दशैं माझी ,जोखु माझी ,प्रेमचन्द्र महरा, प्रहलाद चमार,करकाप मुद्दामा शेख मैनुदिन, जालसाजीमा जगरानाथ यादव, शेख मजबुन नेसा लाई जिल्लाको बिभिन्न स्थानबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका सबैजना लाई फैसला कार्वान्यनको लागी जिल्ला अदालत गौरमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर उमाशंकर प्रसादले बताएका छन् ।

यस अघि एसपी दिलीप घिमिरेको बिशेष सक्रियतामा सञ्चालन गरिएको अभियान अन्तर्गत जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय लगायतका निकायबाट दण्ड सजाय तोकिएर लामो समय देखि फरार रहेका ३८५ जना प्रतिवादीलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याईएको छ। त्यसैगरी जिल्ला अदालत रौतहट लगायत निकायमा चालु मुद्दाको फरार ८७ जना प्रतिवादीलाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याईएको जिल्ला प्रहरी कार्यालय रौतहटले उपलब्ध गराएको सूचनामा उल्लेख गरिएको छ । एसपी घिमिरेले रौतहटको कमाण्ड सम्हाले देखी फरार प्रतिवादी पक्राउ संगै तस्करी नियन्त्रणमा प्रहरीले बिशेष सक्रियता देखाएको छ ।

# आम निर्वाचनअघि नै पार्टीको महाधिवेशन हुन्छः महामन्त्री थापा




काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीको महाधिवेशन २०८४ सालको आम निर्वाचनअघि नै हुने बताउनुभएको छ । आज यहाँ पत्रकारसँग कुराकानी गर्दै उहाँले कानुन र पार्टीको विधानले व्यवस्था गरेअनुसार चार वर्षमा महाधिवेशन हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले तोकिएको समयमा महाधिवेशन गर्नका लागि आगामी चैतभित्र पार्टीको क्रियाशिल सदस्यता टुङ्ग्याउने गरी काम गरेका छौँ, तल्लो तहका साथीहरूले त्यसलाई सहयोग गर्नुपऱ्यो ।" विधानले एक वर्ष समय थप गर्नसक्ने व्यवस्था गरेको भए पनि दुई-तीन महिना तलमाथि भए पनि एक वर्ष पूरै नथपिने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाली कांग्रेसको विधानअनुसार २०८२ सालको मङ्सिर /पुसमा चार वर्षको कार्यकाल सकिन्छ, हाम्रो प्रयास चार वर्षभित्र महाधिवेशन गर्ने थियो र अहिले पनि छ, तर पार्टीको सदस्यता वितरण र अन्य कुरा हेर्दै गर्दा ठ्याक्कै त्यही तिथिमितिभित्र हामी भ्याउँछौँ नै भनेर सम्पूर्ण रूपमा दाबी गर्ने अवस्था छैन", उहाँले भन्नुभयो, "एक वर्षका लागि म्याद थपको सुविधा रहन्छ, सभापतिसँग बसेर सल्लाह गरिरहेका छौँ, जति समय आवश्यक पर्छ त्यति समय अघि बढाऔँ ।"

पार्टीको महाधिवेशन २०८४ निर्वाचनअघि जति महाधिवेशन अघि तान्न सक्यो त्यति हितकर हुने उहाँको भनाइ थियो । फरक प्रसङ्गमा बोल्दै उहाँले सरकारले ल्याएको अध्यादेश एक-दुई दिनमा संसद्मा टेबल हुने बताउनुभयो । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कमिसनका लागि ढिलाइ

मधेश प्रदेश सरकारले हाल सम्म अपेक्षित रुपमा बजेट चलाउन सकेको छैन । त्यसको कयौं कारणहरु मध्ये एउटा प्रमुख कारण कमिसन हो। रातो किताबमा परेका योजनाहरुको कार्यान्वयनमा विवाद नरहे पनि कमिसनका लागि कार्यान्वयनमा ढिलाइ भएको देखिन्छ । विकास निर्माणको काम हुने मन्त्रालयहरु मध्ये सर्वाधिक काम भौतिक पूर्वाधार विकास मन्त्रालयबाट हुने गरेको छ। तर मन्त्रालय मातहतका पूर्वाधार विकास कार्यालय धनुषाका निमित्त प्रमुख रामकिशोर साहले कमिसनका लागि काममा ढिलाइ गरिरहेको व्यापक गुनासाहरु आउन थालेका छन् । टेण्डर प्रकृयालाई समेत अपारदर्शी बनाउने र सिमित ठेकदारहरुसित मिलोमतोगरि ठेक्का लगाउने साहको प्रवृत्ति देखिएको छ । गत आर्थिक वर्षमा समेत साहले कयौं ठेक्का र उपभोक्ता समितिको काम अलपत्र राखेर भुक्तानी गरेका थिए ।निर्धारित समयमा काम नगर्ने ठेकदारलाई कारवाही गर्नुपर्नेमा निमित्त प्रमुखले मोटो रकम कमिसन लिएर भुक्तानी गरेका थिए। कमिसनको कारण कयौं योजनाहरु अलपत्र परेको र त्यसबाट सर्वसधारणले सास्ती भोग्नु परेको छ। वर्षाको बेला काम भएको र भएको काम बगेको भन्दै साहले ठेकदारहरुसित मिलोमतो गरी भुक्तानी दिएका थिए । उपभोक्ता समितिलाई समेत उनले हदैसम्म दुख दिएर कमिसन लिएकै कारण कतिपय काम गुणस्तरीय हुन सकेन। कतिपय काम अलपत्र छाडिएको छ। यद्यपि त्यसको पनि भुक्तानी भएको छ। प्रदेशको राजधानी रहेकै उपमहानगरमा आतंक मच्चाउने निमित्त प्रमुख साहले नगरबाहिरको काममा केही बाँकी राख्ला ? भन्ने कल्पना समेत गर्न सकिदैन। प्रदेश सरकारको कार्य प्रगति कमजोर हुनु र आर्थिक अनियमितताको कारण बदनाम भइरहेको छ। वरिष्ठ र सक्षम अधिकृतहरुलाई पाखा लगाएर कनिष्ठलाई निमित्त दिँदा प्रतिकूल परिणाम आउने साहको क्रियाकलापबाट देखिन्छ । उनले मन्त्रालयको नाम अगाडि सारेर असुली गरिरहेको आरोप छ । समयमै हुनुपर्ने काममा अनेक कैफियत देखाएर ढिलाइ गर्ने र मोटो रकमको बार्गेनिंग गर्ने आरोप ठेकदार र उपभोक्ता समितिले समेत लगाउने गरेका छन् । यस्ता कारणहरुले कयौं पटक पूर्वाधार विकास कार्यालयमा अप्रिय स्थितिको सृजना भएको हो । पटक पटक घटना हुँदा पनि साहलाई कारवाही गरिएको छैन । भौतिक पूर्वाधार विकास मन्त्रालयमा कयौं सक्षम, योग्य र वरिष्ठ प्राविधिकहरु छन् । तर उनीहरुलाई थन्काएर निमित्तको भरमा प्रदेशको राजधानी रहेको जिल्लामा पूर्वाधार विकास कार्यालय सञ्चालन गरिएको छ । यस तर्फ सम्बन्धित मन्त्रालयले ध्यान दिन आवश्यक छ।

ज्ञान शृङ्खला :

# ज्ञान, संकलपना, यर्थाथको कसी



रोशन जनकपुरी

नृतत्वशास्त्र र मानवशास्त्रका अनुसन्धाता बैज्ञानिकहरु भन्छन्, आदि मानव अर्थात मानिसहरुको विकासमा सबैभन्दा विकसित र अुनभव गर्न सक्ने जाति होमो सेपियन्सहरु थिए । वर्तमान युगका मानिसहरु तिनै सेपियन्सहरुको विकसित वंशज हो । हामी सेपियन्सहरु हौँ । वैज्ञानिकहरुका अनुसार प्रकृतिसंगको लामो सहकार्य र संघर्षको परिणामस्वरुप ७५ हजार वर्ष पहिले मानिसमा अनुभूतिहरुको अनुभूतिजन्य विश्लेषण र संश्लेषण गर्न सक्ने क्षमताको विकास भयो । यो मानिसमा विकसित सबैभन्दा प्रारम्भिक ज्ञानको बिउ थियो । यसलाई संज्ञानात्मक क्रान्ति (कग्निटिभ रिभोल्युसन) भनियो। तपाँई भन्न सक्नु हुन्छ, अहिले मानिसहरुका उच्चतर ज्ञान, विज्ञान र प्राविधिक विकासहरु यसै ७५ हजार पहिले भएको संज्ञानात्मक क्रान्तिको निरन्तर विकास हो। होमो सेपियन्सहरु विकास ढुङ्गे युग (पाषाणकाल)मा भएको हो।

वैज्ञानिकहरुका अनुसार ४ लाखवर्ष सम्म चलेको ढुङ्गे युग ईसापूर्व ४ हजारदेखि ईसापूर्व २०००सम्म धातुहरुबाट बनाइने औजारहरुको प्रयोग हुन थालेपछि समाप्त भएको थियो। यो ईसाभन्दा ४ हजारवर्ष देखि २ हजार वर्षको कालखण्डमै मानवीय मष्तिष्कले सर्वाधिक घनिभूत भएर सोच्न, विश्लेषण र संश्लेषण तथा विवेक र तर्कयुक्त भावनात्मक विचार गर्न सक्ने चिन्तन पद्धतिहरु, अर्थात आधुनिक सामाजिक, राजनीतिक र आर्थिक चिन्तन सहितको आधुनिक मानिस र भावनात्मक मानवीय समुदायहरुको विकास भएको हो । यसै अवधिमा समुदायहरु, वर्गहरु, आधुनिक लेखन पद्धति र लिपीहरुको विकास, गोत्र, ग्राम, नगर, राज्य, प्रारम्भिक अतार्किक विश्वास र समझदारी (अन्धविश्वास)को आधारमा अलौकक शक्तिको रुपमा प्रकृतिको व्याख्या, जाति, शास्त्र, पुराण, देवी, देउता, दानव, ईश्वर, दैवी र मानवीय भाव, मानवीय संवेगहरु, युद्धहरु, दमन र संरक्षणको आवश्यकता र भावहरु, नैतिक र अनैतिकका प्रश्नहरु, समग्रमा आधुनिक मानव समुदायको ज्ञानको सघनता यसै ईसाको ४ हजारदेखि २ हजार वर्ष भित्र शुरु भएको हो । यस अर्थमा तपाँई यस अवधिलाई मानिसको ज्ञानको सबैभन्दा नवीन कालको शुरुआत भन्न सक्नु हुन्छ। आधुनिक भाषामा बुझिने गरि भन्यो भने मिथ र इतिहासकालको शुरुआत यसै अवधिमा भएको हो। ईसाको ४ हजार वर्षभन्दा पहिलेको काललाई पुरातात्विककाल र यस पछिको कालखण्डलाई प्राचीन इतिहासकालको नामबाट सम्बोधन गरिन्छ।

यसबाट के बुझिन्छ भने ज्ञान, प्रत्ययवादी वा अध्यात्मवादीले भने जस्तै कुनै हावादारी वा कुनै अज्ञात र अलौकिकताबाट जन्मेको वा जन्मने विषय होइन । यस्का विकासका सुसंगत व्याख्याहरु छन्, जुन मानिसको लाखौँ वर्षको प्रकृतिसंगको साहचर्य र संघर्षको बीचबाट विकसित भएको छ । ज्ञानका प्राकृतिक र सामाजिक आधारहरु छन् ।

ज्ञान आफैमा मानवीय शब्द हो, जस्को आवश्यकता मानिस बाहेक अरुलाई हुँदैन र यो मानिसले स्व आर्जन अर्थात आफ्नै श्रमबाट प्राप्त गरेको हो। तर विविध कारणवश् ज्ञानको यस सुसंगत विकासक्रमबाट सबै परिचित हुँदैनन् । यस्तोमा ज्ञानको स्रोतहरुमा वर्चस्व कायम गरेको विशेष वर्ग (सत्ता, पुरोहित र सत्तामुखी बौद्धिकवर्ग)हरुले यसको आफ्नो हित अनुकूल व्याख्या गर्ने गरेका छन् । ज्ञान, विज्ञान, धर्म, शास्त्र, पुराण आदि ज्ञानका सबै सबै स्रोतमा कब्जा गरेर रहस्यमय बनाइदिएपछि र ज्ञानको स्रोतसम्म आमजनको पहुँच अत्यन्त कठिन बनाई दिएपछि, धार्मिक र सामाजिक रुपमा दण्डनीय बनाई दिएपछि, उनिहरुले ती वर्चस्वधारी ज्ञानीहरु र बौद्धिकहरुले व्याख्या गर्नेमाथी विश्वास गर्नुको अर्को विकल्प बाँकी रहँदैन।

आधुनिक युगमा सामाजिक सञ्जाल लगायत सूचना तथा प्रविधिको क्षेत्रमा अभूतपूर्व विकास भएपछि तथा शिक्षामा सबैको समान पहुँच हुने कानूनी व्यवस्था बनेपछि उपेक्षित वर्ग र समुदायको निम्ति ज्ञानको स्रोतसम्मको पहुँच केही खुकुलो भएको छ। उपेक्षित वर्ग, जाति र समुदाय प्रति अभिजात्य वर्गको सामाजिक हेपाईको परम्परागत स्वाभाव केही हदसम्म कायम रहेपनि आधुनिक राजनीति र चेतनाले निश्चय नै उपेक्षित, दलित र उत्पीडित वर्ग र समुदायमा अस्तित्वबोध र अधिकारको निम्ति संघर्ष गर्ने चेतनाको विकास भएको छ। तर उसको निम्ति अर्को जटिल समस्या खडा भएको छ। त्यो हो ऐतिहासिकरुपमा भोग्दै आएको आर्थिक गरिबी र अर्कोतिर आर्थिकरुपमा सबल नभएर सही सूचना तथा ज्ञानसम्मको पहुँचमा पूँजी र नाफा बजारको अवरोध।

आमजनसम्म ज्ञानको पहुँचमा अर्को समस्या हो इन्टरनेट र सामाजिक सञ्जालहरुमा ज्ञान, विज्ञान, धर्म र शास्त्र पुराण सम्बन्धमा असत्य र अनकूलित संकीर्ण व्याख्याहरुको भरमार । यी व्याख्याहरु सामाजिक अन्तर्विरोधहरुको अनुसार वर्ग र समुदायपिच्छे एउटा विषयमा फरक फरक जानकारी पस्किएको हुन्छ । उदाहरणको निम्ति हिन्दु, इस्लाम र क्रिस्चियन धर्मका नायकहरु राम, मोहम्मद पैगम्बर र जिसस क्राइस्ट र उनका अनुयायीहरुको बारेमा जानकारी खोज्ने हो भने, इन्टरनेट र सामाजिक सञ्जालमा एउटा पक्षले धार्मिक सहिष्णु, मानवीय, शान्त, करुणामय र अर्को पक्षले कट्टर, रौद्र, र शत्रु संहारकको रुपमा प्रस्तुत गरेको हुन्छ। गुगल लगायतका इन्टरनेट सर्च इन्जनमा त अनुकूलित लेखहरुको भरमार हुन्छ, जस्मा एउटै विषयमा फरक फरक धारणा र भ्रमात्मक तथ्यहरु प्रस्तुत गरिएको हुन्छ।

सामाजिक सञ्जालमा त जात्रा हुन्छ। कसैले फेसबुक वा एक्समा एउटा पोस्ट गर्‍यो भने त्यहाँ टिप्पणी र प्रतिटिप्पणी गर्नेहरु बीच महाभारत मचेको हुन्छ । कयौँ पोस्टमा टिप्पणी सरल शब्दावलीमा शुरुआत हुन्छ, तर पछि पछि गएर दुई पक्षीय समर्थकहरु बीचको शब्दावली आमाचकारी गाली र भन्न र सुन्न नसकिने अश्लील शब्दावलीमा परिणत हुने गर्छ । बीचमा कदाचित कुनै भलादमीले यस्मा कमेन्ट गरिदियो भने सबै उसैमाथी खनिन्छन् । यस्तोमा ति भलादमी महोदयको हाल के हुँदो हो कल्पना गर्नपनि गाह्रो छ। तात्पर्य के हो भने ज्ञानको स्रोतमाथी सहज पहुँचको व्याख्याको भाष्य सहित सूचना बजारमा देखिएको इन्टरनेट र सामाजिक सञ्जाल हाल मानवीय समुदायमा संकीर्णता र अतार्किक आवेग तथा मानवीय मस्तिष्कलाई कन्फ्युज्ड (अन्यौलग्रस्त) बनाइरहेको छ । विवेक प्रयोग गरिएन भने यी तथ्यहरु भटकाउ र भडकाउ मात्र हुन्छन् ।

यतिमाात्र होइन सूचना र प्रविधिका यी माध्यमहरुले सत्ता र बजार अनुकूल मानवीय मष्तिष्क र चेतनालाई अनुकूलन गर्ने गर्छ। तपाँईले फेसबुक, एक्स (ट्वीटर), टिकटक, युट्युब आदि सामाजिक सञ्जालको माध्यमहरुमा सामान्य भएपनि ध्यान दिनु भयो, यस्को अधिकांश प्रयोग मनोरञ्जन र टाइमपासको उद्देश्यबाट भै रहेको छ पाउनु हुने छ। बजारको प्रचारको सबैभन्दा सस्तो र उपभोक्तासम्म सहज पहुँचको माध्यम बनिरहेको सामाजिक सञ्जालमा अब टाइमपास गरेर धेरैभन्दा धेरै समय बिताए आम्दानीपनि हुने भएको छ। तुलना गर्ने हो भने विश्वभरिका अर्बौं प्रयोगकर्तामा केही लाखको आम्दानी राम्रै देखिएपनि अधिकांशको निम्ति यो लोभमा दिन काट्नु बाहेक अरु केही हुँदैन। तर ती शुन्य दशमलब कयौँ शून्यपछिको एकल अंकका सफलहरु उदाहरण बनेर अरुलाई प्रेरित गरिरहन्छन् । अर्कोतिर यसै टाइमपास बिजनेसमा इन्टरनेट व्यवसायीहरुले अकूत नाफा कमाइरहेका हुन्छन् ।

इन्टरनेट व्यवसायबाट कति कमाई हुन्छ त ? उदाहरण विश्वका सबैभन्दा ठूला धनी एलन मस्क र मार्क जुकरबर्गलाई लिन सकिन्छ। एलन मस्क त इन्टरनेटको धन्दाबाट हुने कमाई खर्च गरेर अमेरिकी ट्रम्प सरकारमा शक्तिशाली सदस्यको रुपमा स्थापित हुन सफल भएका छन् । अझै भन्ने हो भने अमेरिकी राष्ट्रपतिको निर्वाचनमा डोनाल्ड ट्रम्पको निर्वाचन प्रचारमा सबैभन्दा बढी खर्च गर्ने मस्क नै थिए । ट्रम्प सरकारमा महत्वपूर्ण स्थान ओगट्न सफल हुनु, त्यसैको उपहार हो। इन्टरनेट व्यवसायको महिमा हो यो। तर यस लेखको विषय यो होइन।

यस लेखको विषय हो ज्ञानको स्रोतमाथी वर्चस्वशाली वर्ग र समुदायको कब्जा तथा उत्पीडित वर्ग र समुदायको कमजोर पहुँच । पुरानो समाजमा सत्ता र पुरोहित वर्ग थियो भने आधुनिक समाजमा सत्ता र बजार भएको छ। आधुनिककालमा पुरोहित, सत्ता र बजार दुबैको अनुकूल भएको छ । तपाँई यसलाई सत्ता, बजार र पुरोहितको तिकडीपनि भन्न सक्नु हुन्छ । यस्तो किन भनियो भने सामाजिक सञ्जाल र इन्टरनेटमा पस्किएका लेखहरुको हाल मूख्य तुलोमा बजार हुन्छ भने एउटा जोख्नेमा सत्ता र अर्कोमा पुरोहित हुन्छ। यद्यपि बजार चलाख छ, उसले सत्तालाई अगाडी सारेको हुन्छ। सत्ताकै माध्यमबाट उसले आफू अनुकूलको नीति नियमहरु बनाउन लगाउँछ र पुरोहित र सत्ता आश्रित बौद्धिकवर्गले सत्ता र बजार दुबैको विरुदावली गाइरहेका हुन्छन् । कदाचित कुनै बौद्धिकले तिकडीको यस खेलको आलोचना गर्छ भने तीनवटैले मिलेर उसलाई नै मूख्य परिदृश्यबाट अलग्याइ दिन्छ।

अतीतको समाज र वर्तमानको समाजमा घटित भएका र भइरहेका यी घटना र परिघटनालाई बुझ्न विवेकशील समझदारी चाहिन्छ। यथार्थवादी ज्ञानचक्षु चाहिन्छ। तर आमजन अर्थात पसीना चुहाएर खाने वर्ग समुदायको निम्ति जुन ज्ञान र ज्ञानको स्रोत उपलब्ध छ, त्यसले सत्ता, पुरोहित र बजारले रचेको धार्मिक र नाफाको जानकारीलाई नै ज्ञान भन्ने गरेको छ । 'पाप गर्नेलाई ईश्वरले सजाय दिने छन्, तिम्रो हातमा के छ ? सब उनै अलौकिक शक्तिको हातमा छ ? । चिन्ता न गर, तिम्रो प्रारब्ध (भाग्यमा यही थियो । सफल को हो ? ईमान्दारी, नैतिकता, सिद्धान्त, कुरा गर्ने विषयहरु मात्र छन्, सफल हुनलाई जसरी भएपनि धन कमाउनु पर्छ, । सफल एलन मस्क, जुकरबर्ग र अडानी हुन् । समाजको निम्ति होइन, आफ्नो निम्ति विचार गर !' जस्ता चिन्तनहरु व्यावहारिक भाष्य बनेका छन् , अहिलेका समाजमा।

सोझा आमजनलाई, विशेष गरि अशिक्षित र अल्पशिक्षित श्रमजीवि, महिला तथा धर्मभीडू समुदायलाई नैतिकताको पाठ पढाइन्छ, मानिसलाई सहयोग गर्नु भन्दापनि मन्दिर, मस्जिद, गुरुद्वारा, चर्चमा चन्दा दिएमा वा दान गरेमा बढी पुण्य प्राप्त हुने, तथा सादा जीवनको साटो उपभोग्य वस्तुहरुको अत्यधिक प्रयोग, तथा फैसनेबल तथा विलासी जीवनको प्रदर्शन गरेमा बढी प्रतिष्ठित र ठूलो मान्छे ठहरिने भाष्य आमजनको मस्तिष्कमा भरिन्छ। कुनै नेता वा बौद्धिक सादा पोसाकमा र सरल व्यवहारको छ भने उसलाई कसैले चिन्दैन, तर कुनै नेता वा व्यवसायी वा पुरोहित वा बौद्धिक जतिसुकै भ्रष्ट र चापलुस भएपनि उः भौतिक सम्पन्न देखिन्छ, गफ दिने खालको छ र चमक दमकमा छ भने उसको पछाडी भीड जम्मा हुने गर्छ।

यी उदाहरणहरुले के देखिन्छ भने हाम्रो चेतनालाई अतीतकाल देखि वर्तमानमापनि योजनाबद्ध रुपमा विकृत बनाइएको छ र अनुकूलित गरिएको छ । अज्ञानलाई ज्ञानको रुपमा हाम्रो दिमागमा भरिएको छ र ज्ञानचक्षु नै भ्रमित पारेर यथार्थको ठाउँमा भ्रमित दृश्यहरु सृजना गरिएको छ । यो भ्रम यति सुदृढ छ कि गरिबी, अभाव र साधन स्रोतको अभावमा भएका मृत्युसम्मका दुःखहरुपनि हामीलाई दुख्दैन । यस्को एउटा मात्र कारण छ, यथार्थलाई देख्न सक्ने ज्ञानचक्षुको अभाव । ज्ञानचक्षु उघ्रने एउटै उपाय छ । यस भौतिकजगतमा उपलब्ध साधनहरु माथी पहुँच भएका वर्गहरु न्यायिक छन् वा छैनन् भन्ने तार्किक विवेकको प्राप्ति। र यो भौतिक साधनहरुको वितरणको तुलनाबाट मात्र बुझ्न सकिन्छ । ज्ञान न्यायिक छ वा छैन, मानवीय छ वा छैन भन्ने जाँच्ने एउटै कसी छ, हामीलाई दिइने ज्ञानले हाम्रो दुःखको मात्रा घटाउँछ कि घटाउँदैन । जाँचौँ ! अनेक उपाय गरेर हाम्रा भौतिक दुःखहरु घटि रहेका छैनन् भने त्यो छद्म ज्ञान हो, सत्ता भएपनि, पुरोहित भएपनि वा बजार भएपनि वा जुनसुकै स्रोतबाट प्राप्त हुने ज्ञान होस। सत्य जाँच गर्ने कसीपनि यो नै हो। यस बाहेक बाँकी सबै भ्रम हो।

> **ज्ञान न्यायिक छ वा छैन, मानवीय छ वा छैन भन्ने जाँच्ने एउटै कसी छ, हामीलाई दिइने ज्ञानले हाम्रो दुःखको मात्रा घटाउँछ कि घटाउँदैन । जाँचौँ ! अनेक उपाय गरेर हाम्रा भौतिक दुःखहरु घटि रहेका छैनन् भने त्यो छद्म ज्ञान हो, सत्ता भएपनि, पुरोहित भएपनि वा बजार भएपनि वा जुनसुकै स्रोतबाट प्राप्त हुने ज्ञान होस । सत्य जाँच गर्ने कसीपनि यो नै हो । यस बाहेक बाँकी सबै भ्रम हो ।**

# मधेश प्रदेशका 'प्रमुख चूनौती' र सेट गर्न नसकेको 'मानक'



अनन्त अनुराग

मधेश प्रदेशले अहिले सम्म ३ वटा मुख्य मन्त्री पाई सकेका छन् । जसपाका नेता लालबाबु राउत गद्दीको नेतृत्वमा बनेको पहिलो मधेश प्रदेश सरकारमा मुख्यमन्त्री राउत सहित दश जना क्याबिनेट मन्त्री र चार जनाले राज्य मन्त्रीले मन्त्रालय सम्हालेका थिए।

दोश्रो पटक जसपा नेपाल कै नेता सरोज यादवको नेतृत्वमा बनेको मधेश प्रदेश सरकारमा मुख्यमन्त्री यादव सहित तेह्र क्याबिनेट मन्त्री र तीन जना राज्यमन्त्रीले मन्त्रालय सम्हालेका थिए।

अहिले, जनमत पार्टीबाट मुख्यमन्त्री सतिश कुमार सिंहको नेतृत्वमा १२ क्याबिनेट मन्त्रीहरुले मन्त्रालय सम्हालेका छन् । प्रदेशहरुमा कतिवटा मन्त्रालय हुनु पर्ने पर्ने अर्को बहसका बिषयहरु छदैछ। तर, प्रदेश सरकारको कार्य क्षमतामाथि चौतर्फी रुपमा प्रश्न जनस्तरबाटै उठेको कुरा कटु यर्थात हो।

मधेश प्रदेशले हालसम्म तीन मुख्यमन्त्रीको कार्यकालमा तीन मुख्यमन्त्री सहित पैत्तिस क्याबिनेट र सात राज्यमन्त्रीले सत्ताको बागडोर सम्हाली सकेका छन्। यतिका संख्यामा मुख्यमन्त्री र मन्त्रीहरु पाएका मधेश प्रदेशका सौभाग्यशाली जनताले के पाए ? आम जनअपेक्षा के थियो र अहिले के छ ? मधेश प्रदेशको नेतृत्व कहाँ चुक्यो ? यस्तो हुनुमा दोषी को को हुन ?

मधेश प्रदेश संघीयताको मियो र प्रादेशिक संरचनाको गुरु किन बन्न सकेन्न ? नेतृत्वमा अनुभवको कमि भयो वा इच्छाशक्तीको कमि ? नेतृत्वले सहि सल्लाहकार पाउन नसकेका हुन कि सल्लाहकारको उचित सल्लाह सुन्नै नचाहेका हुन ?

राजनीतिको आडमा भ्रस्टाचार गर्ने कुनियत पालेका हुन ? वा बारम्बार नेतृत्वले लगाउदै आएको कर्मचारी तन्त्रको अबरोध नै प्रमुख कारण हुन ? साच्चिकै नीति नियम, ऐन नभएर हो ? कि संघीय सरकारको केन्द्रीकृत मानसिकता वा चिन्तनको उपजले गर्दा मधेश प्रदेश सरकार बदनामी र चौतर्फी बिरोधको सामना गर्नु परेको हो ? माथी उल्लेखित एकएक सवालहरुले मेरो मस्तिष्कलाई फनफनी घुमाइ दियो। सम्भवतः तपाईहरुलाई पनि यि र यस्ता प्रश्नले असहज र चिन्तित बनाएको हुनु पर्दछ।

म एक सन्चारकर्मीको हैसियतले पहिलो मधेश आन्दोलनदेखि सक्रिय रुपमा एक अभियन्यता, अधिकारकर्मीको रुपमा हरेक मोर्चामा सहभागी भएर अधिकारप्राप्तीको आन्दोलनममा एक बिद्रोहि चेत भएको, मधेशवाद र मधेशी समाजको समृद्धि र सम्मुन्त भएको हेर्ने चाहना राख्ने, मधेशप्रतीको अगाध प्रेमले गर्दा जहाँ गएपनि आम मधेशीहरुले पनि यस्ता प्रश्नहरुको सामना गर्नु परि रहेको हुन्छ।

आम मधेशी जहाँ गएपनी मधेशका लागि राजनीति गर्ने नेताहरुको कमिकमजोरीका कारण धेरथोर आम मधेशीले सुन्नु पर्ने स्थितिमा हामीले पनि सकिनसकी प्रतिवाद, सटिक उत्तर र प्रस्टीकरण दिनु पर्ने नित्यदिन एउटा काम नै भएको छ। यस्ता गरिने प्रश्नहरुमा आलोचना, कुन्ठा, अपहेलना, मधेशप्रतीको गलत भास्य र व्यबहार, मानसिकता, आवेग, आधरहिन आरोप आदिआदि पनि समिश्रीत हुने गरेका छून। खैर, मधेशी भएर त्यति भोग्नु पर्ने हामीले अभिषापको रुपमा बरदान नै पाएका छौँ ।

एउटा सामान्य प्रश्नको चर्चा गरौ न, मधेश केन्द्रित दलहरु सरकारमा जादां, सत्ताको लागि बार्गेनिङ रे, सत्ता मोह रे, सता र भता विना बस्नै नसक्ने रे ? मन्त्री पद संग मुद्दा साटिए रे ? पदका लागि पार्टी फुटाए रे ? दिनहुँ संचारमाध्यमका हेडलाइन्स हुने गरेका छन्।

अनि ठुलादल काङ्ग्रेस, एमाले र माओवादी पार्टी सत्तामा जाँदा गंगाजलले धोएको, अमृतपान गरेको, पद र प्रतिस्ठाको मोह नभएको, उनिहरु पदका लागि झैझगडा नै नगरेको ? पदका लागि पार्टी विभाजन नगरेको ? पदमा जाँदा नातावाद, कृपावाद नै नगरेको, देशको ढुकुटी दोहन नगरेको, अकुत सम्पती कमाएर महल नठ्डयाएको, आफ्ना वरिपरिका लागि भ्रष्टाचार र अवसर नदिएका होइनन र ?

तर, मिडिया, बौद्धिकवर्ग, नागरिक अगुवाकाबीच किन मधेशी नेता र नेतृत्वको आलोचना र आरोप ? यो त यस्तो भयो नि मैथिलीमा एउटा भनाइ छ, "राडक कनिया, सबके भौजी" यसको अर्थ के हो भने कमजोर छ भन्दैमा सबैले जे मनलाग्यो त्यही आरोप लगाउन पाइन्छ ? अर्थात, मधेश केन्द्रित दलका नेतृत्वको कार्यशैलीले सम्पुर्ण मधेशी समुदायले अपहेलना बारम्बार भोग्नु परेको हेक्का किन नभएको होलान ? खैर, यो बिषय कुनै अन्य लेखमा चर्चा गरौंला।

तर, मधेश प्रदेशले किन अन्य प्रदेशहरुको तुलनामा मानक स्थापित गर्न सकेन ? बुँदागत रुपमा यहाँ उल्लेख गरेको छु। मधेश प्रदेशले प्रदेशहरुको मानक स्थापित गर्न नसक्नुको पछाडि धैरै कारणहरु छन्। यी कारणहरु राजनीतिक, आर्थिक, सामाजिक र प्रशासनिक जस्ता विभिन्न पक्षहरुसँग सम्बन्धित छन्।

पहिलो, दलहरुबिच आन्तरिक प्रतिस्पर्धा तथा राजनीतिक अस्थिरता, मधेश प्रदेशमा राजनीतिक अस्थिरता र सरकारहरुको बारम्बार परिवर्तनले प्रदेशको विकास र मानक स्थापनामा बाधा पुर्याएको छ। राजनीतिक दलहरुबीचको असहमति र द्वन्द्वले नीतिगत निर्णयहरु लिन र कार्यान्वयन गर्न गाह्रो बनाएको छ। मधेश केन्द्रित दलहरु बिचको अस्वस्थ आन्तरिक प्रतिस्पर्धाले गर्दा पनि अपेक्षा अनुसार काम गर्न सकिएको छैन । काङ्ग्रेस, एमाले र माओवादी दलसंग सबै मधेस केन्द्रितदल एकीकृत भएर प्रतिस्पर्धा गर्नुको सट्टा आफै आफै आरोपप्रत्यारोप र ब्यक्तित्वको टकराव, मै ठूलो, अरु सबै धुलो मानसिकताले पनि मधेश प्रदेश केही हदसम्म समस्याग्रस्त भएको हो।

दोश्रो, आर्थिक स्रोतहरुको अभाव, मधेश प्रदेशले आर्थिक स्रोतहरुको अभावको सामना गरेको छ। प्रदेशको विकासका लागि पर्याप्त बजेट र संसाधनहरु उपलब्ध नहुनुले मानक स्थापना गर्न गाह्रो बनाएको छ। संघ सरकारले अन्य प्रदेशको तुलनामा मधेश प्रदेशका लागि गरिएको बजेट बिनियोजनले नै मधेशप्रतीको शौतेला व्यबहारको पुष्टि गर्दछ।

तेश्रो, कर्मचारीतन्त्रको रबैया र प्रशासनिक कमजोरी, प्रदेश सरकारको प्रशासनिक क्षमता कमजोर हुनुले पनि मानक स्थापनामा बाधा पुर्याएको छ। प्रशासनिक अधिकारीहरुको क्षमता विकास र संस्थागत सुदृढीकरणको अभावले नीतिहरु कार्यान्वयन गर्न गाह्रो बनाएको छ।

चौथो, सामाजिक विविधता, मधेश प्रदेशमा धेरै जाति, जातीयता र भाषिक समुदायहरु छन। यसले प्रदेशभरि एकसमान नीति र मानक लागू गर्न गाह्रो बनाएको छ। विभिन्न समुदायहरुको आवश्यकता र मागहरु पूरा गर्नु चुनौतीपूर्ण रहेको छ।

पाँचौ, संघ (केन्द्र) र प्रदेशबीचको समन्वयको अभाव, संघ (केन्द्र) सरकार र प्रदेश सरकारबीच समन्वयको अभावले पनि मानक स्थापनामा बाधा पुर्याएको छ। नीतिगत निर्णयहरु लिन र कार्यान्वयन गर्नका लागि दुवै सरकारबीच सहकार्य आवश्यक छ, तर यसमा कमी देखिएको छ।

छैठौ, एजेन्डाको प्राथमिकिकरण, कृषि, शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रहरुमा निकै पछाडि छ। मधेश प्रदेशमा शिक्षा, स्वास्थ्य र अन्य सामाजिक क्षेत्रहरुको विकास धीमा भएको छ। यसले प्रदेशको समग्र विकासमा नकारात्मक प्रभाव पारेको छ र मानक स्थापनामा बाधा बनेको छ।

सातौ, भ्रष्टाचार नियन्त्रण र सुशासन कायम, भ्रष्टाचारले पनि प्रदेशको विकास र मानक स्थापनामा ठूलो बाधा बनेको छ । भ्रष्टाचारले संसाधनहरुको दुरुपयोग गराएको छ र प्रभावकारी नीतिहरु कार्यान्वयन गर्न गाह्रो बनाएको छ । मन्त्री, मन्त्रीका सचिवालयका सदस्यहरु, पार्टीका नेता,कार्यकर्ता कर्मचारीतन्त्र भ्रष्टाचारको आहलमा डुबेको आरोपबाट मुक्त हुन सकेका छैनन। सरकारी निकायहरुमा सुशासन कायम गर्न असफल देखिएका छन्।

आठौं, सेवा प्रवाह, प्रदेश सरकार मातहतका निकायहरु जनअपेक्षाकृत रुपमा चुस्तदुरुस्त सेवा प्रवाहमा असफल देखिएका छन् । मन्त्रीहरुलाई मन्त्रालयका कर्मचारीहरुले टेरेका छैनन। सचिवहरुलाई मातहतका अधिकृतहले टेरेका छैनन भने प्रदेशको मातहत र अधिकार क्षेत्रभित्र पर्ने निकायहरु गतिहिन, सहजै हुन सक्ने कामहरु पनि हुन सकेको छैन। कुनै पनि सानोतिनो कामका लागि पनि दलका नेताहरुको घरदैलोमा चाकडी गर्नुपर्ने स्थिती छ।

नवौं, प्रदेश र संघबीच अधिकार प्रत्यायोजन : संघले कतिपय कानुनहरु समयमा नै बनाईदिँदा पनि प्रदेश सरकारले काम गर्न नसकेको सत्यलाई नर्कान सकिदैन। संघीय सरकारको रवैयामाबाट मधेश प्रदेश मात्रै होइन कि बाँकी अन्य छ प्रदेश पनि पटट्कै खुशी छैन। अन्य प्रदेशका मुख्यमन्त्रीहरुले पनि संघले प्रदेशलाई मातहतको निकाय जस्तो व्यवहार गरेको आरोपमा सत्यता छ । संघले प्रदेशहरुलाई संवैधानिक रुपमा दिइएको अधिकार पनि स्वायत रुपमा प्रयोग गर्न पाएका छैनन। कर्मचारी खटाउने देखि लिएर प्रहरी प्रशासन चलाउने कार्य समेत संघ सरकारले गर्दै आएका छन्।

निष्कर्षमा के भन्न सकिन्छ भने मधेश प्रदेशले प्रदेशहरुको मानक स्थापित गर्न नसक्नुको पछाडि धेरै जटिल कारणहरु रहेता पनि यसलाई समाधान गर्नका लागि राजनीतिक स्थिरता, आर्थिक स्रोतहरुको वृद्धि, प्रशासनिक सुधार, सामाजिक एकता र केन्द्र र प्रदेशबीच समन्वय, मधेश केन्द्रीत दलबीचको टकराव र वैमन्यशता दुर गर्न आवश्यक छ। अन्य प्रदेशको तुलनामा मधेश प्रदेश प्रादेशिक संरचनाको गुरु प्रदेशको रुपमा नेतृत्व प्रदान गर्न जरुरी छ । यसका लागि वृहतर हित हुने गरी राजनीतिक नेतृत्व तहले गम्भीरता पूर्वक छलफल, सहकार्य र संयोजन गर्न जरुरी छ । जनता सधैं राजनीतिक अधिकारको कुराले मात्रै सन्तुष्टि हुन सक्दैन, राजनीतिक अधिकारसँगै जनताले तत्कालिन आवश्यकताका बिषयहरुलाई प्राथमिकतामा राखेर काम गर्न जरुरी छ। मधेको मेरुदण्ड कृषि, शिक्षा, स्वास्थ्य र रोजगार जस्ता बिषयमा द्रुत गतिमा काम गर्न सकिएन भने मधेशका युवा शक्ति आफनै नेतृत्वको विरुद्धमा भोली विद्रोह गर्न बाध्य हुने स्थिती आउन सक्छ। यसर्थ, यस्ता स्थिती आउन नदिने मधेश प्रदेशको समग्र विकास र उन्नतीका लागि एकजुट हुनुको विकल्प छैन।

> **जनता सधैं राजनीतिक अधिकारको कुराले मात्रै सन्तुष्टि हुन सक्दैन, राजनीतिक अधिकारसँगै जनताले तत्कालिन आवश्यकताका बिषयहरुलाई प्राथमिकतामा राखेर काम गर्न जरुरी छ । मधेको मेरुदण्ड कृषि, शिक्षा, स्वास्थ्य र रोजगार जस्ता बिषयमा द्रुत गतिमा काम गर्न सकिएन भने मधेशका युवा शक्ति आफनै नेतृत्वको विरुद्धमा भोली विद्रोह गर्न बाध्य हुने स्थिती आउन सक्छ ।**

# ‘अख्तियारी दुरूपयोग गर्नेलाई कारबाही प्रक्रियामा ल्याउनुपर्छ’



मकवानपुर । बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले अख्तियारी दुरूपयोग गरी देश, जनता र सुशासनविरूद्ध जाने जो कोहीलाई सूक्ष्म अनुसन्धान र निष्पक्ष कारबाही प्रक्रियामा अघि बढाउनुपर्ने बताउनुभएको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३४औँ स्थापना दिवसका अवसरमा आज हेटौँडामा आयोजित एक समारोहलाई सम्बोधन गर्दै उहाँले भ्रष्टाचारविरूद्ध अख्तियारले गरेको काम कारबाहीबाट देशमा सुशासन कायम गर्न महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभयो ।

साना-साना भ्रष्टाचारका मुद्दामा हातहालेर सङ्ख्यात्मक विवरण पेस गर्ने तर ठूला र संस्थागत भ्रष्टाचारका मुद्दाहरूमा हात हाल्न हिच्किचाउने भन्ने आरोपहरू आइरहेको बताउँदै प्रदेश प्रमुख देवकोटाले ती आरोपलाई गलत साबित गराउन साना र ठूला सबैखाले भ्रष्टाचारीलाई पक्रन सुझाव दिनुभयो ।

प्रदेश प्रमुख देवकोटाले जनताका निराशा चिर्दै भ्रष्टाचारविरूद्ध खरो उत्रिएर जनताको विश्वास जित्न सक्नुपर्नेमा जोड दिनुभयो । उहाँले बेइमानीका विरूद्धको कदम चाल्नेमा खुट्टा नकमाउन पनि आग्रह गर्नुभयो । उहाँले चुनौतीलाई चिर्दै अघि बढ्नुमा नै प्रगति झिनो देखिन्छ भन्नुहुँदै त्यस कुरामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग गम्भीर हुनुपर्ने बताउनुभयो ।

बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री एवं सरकारका प्रवक्ता सुरजचन्द्र लामिछानेले प्रदेशको विभिन्न जिल्लामा बढ्दै गएको भ्रष्टाचारजन्य अपराधलाई अनुसन्धानको घेरामा राखी न्यूनीकरण गर्नेतर्फ प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

उहाँले प्रदेशमा सुशासन कायम राख्न मानव अधिकार प्रत्याभूति गर्न र जनतालाई सरकार हाम्रै हो भनी विश्वास दिलाउन प्रदेश सरकारले विभिन्न ऐन कानुनको निर्माण गरिएको जानकारी दिनुभयो । उहाँले ती क्षेत्रहरूमा गरिबीलाई न्यूनीकरण गर्दै जनताको आर्थिक स्तर माथि उठाउन चालु आर्थिक वर्षको बजेटमा विभिन्न ‘प्याकेज’ कार्यक्रम ल्याई कार्यान्वयन गर्न लागिपरेको बताउनुभयो ।

> बागमती प्रदेश प्रमुख देवकोटाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका उत्कृष्ट चारजना कर्मचारीलाई पुरस्कार प्रदान गर्नुभएको थियो ।

त्यस अवसरमा बागमती प्रदेश सरकारका प्रमुख सचिव महादेव पन्थले देशमा जिम्मेवारी पदमा रहेका पदाधिकारी वा मन्त्रालय विभागहरूले भ्रष्टाचारजन्य कार्यलाई प्रोत्साहन नगरी कानुनको दायरामा अनुसन्धान गरी अघि बढाउनुपर्ने सुझाव दिनुभयो । उहाँले सुशासन कायम गरी संवैधानिक दायराअनुसार आ-आफ्नो अधिकारी क्षेत्रभित्र रहेर जनताको विभिन्न हितका लागि कानुनसम्मत ढङ्गबाट अघि बढे मात्र भ्रष्टाचारको स्तर निकै घट्नसक्ने धारणा व्यक्त गर्नुभयो ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग बागमतीका प्रमुख उमाकान्त आचार्यले प्रदेशको विभिन्न जिल्लामा स्थानीय निकायको विभिन्न वडा, स्वास्थ्य, शिक्षा क्षेत्रमा सार्वजनिक खरिदसँग सम्बन्धित कार्यमा तीव्र भ्रष्टाचार बढेको भनी जनगुनासो आइरहेकामा सो कार्यालयले आफ्नो जिम्मेवारीबोध गरी अनुसन्धान गरी भ्रष्टाचारविरूद्ध कारबाही अघि बढाइरहेकाले सबै क्षेत्रबाट सहयोग प्राप्त हुनुपर्ने बताउनुभयो ।

बागमती प्रदेश प्रमुख देवकोटाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका उत्कृष्ट चारजना कर्मचारीलाई पुरस्कार प्रदान गर्नुभएको थियो । पुरस्कृत हुनेहरूमा क्रमशः शाखा अधिकृत इन्द्रप्रसाद भट्टराई, नायब सुब्बा यमुना बस्नेत, प्रहरी निरीक्षक स्वागत पोखरेल र सहायक प्रहरी निरीक्षक वीरेन्द्र कार्की हुनुहुन्छ । रासस

# राष्ट्रियसभा विशेष समय : अध्यादेश संविधानसम्मत



काठमाण्डु । नेपाली कांग्रेसका सांसद किरणबाबु श्रेष्ठले सरकारले सदनमा प्रस्तुत गरेका अध्यादेश संविधानसम्मत भएकाले विरोध गर्नुको कुनै तुक नरहेको जिकिर गर्नुभएको छ ।

राष्ट्रियसभा बैठकको विशेष समयमा उहाँले संविधानको अधिनमा रहेर सरकारले हालै छ वटा अध्यादेश जारी गरेको भन्दै परिस्थितिलाई मध्यनजर गरेर ल्याइएको विधेयकलाई विरोध मात्रै गर्ने नभई पारित गराउनेतर्फ प्रतिपक्षीलगायत दलहरूलाई आग्रह गर्नुभयो ।

सांसद श्रेष्ठले भन्नुभयो, “के अध्यादेश ल्याउनु ठूलो गल्ती हो, कुन परिस्थितिमा कसरी ल्याइयो यसबारे स्पष्ट हुनुपर्छ, अध्यादेशको ‘कन्टेन्ट’ मा केही समस्या छन् भने छलफल गरेर साझा सहमति खोजौ तर, यसलाई विरोध गरेर हैन समर्थन गरेर पारित गराउन प्रतिपक्षीलगायत दलहरूलाई आग्रह गर्दछु ।”

उहाँले सामाजिक सञ्जालसम्बन्धी विधेयकमा रहेका दफाहरूबारे छलफल गरेर अभिव्यक्ति स्वतन्त्रताका विरूद्ध रहेका भनिएका विषयलाई सम्बोधन गेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

कांग्रेसकै सांसद विष्णुदेवी पुडासैनीले सरकारले विधेयक अधिवेशनको रूपमा रहेको हिउँदे अधिवेशनबाट पारित हुन बाँकी रहेका धेरै विधेयक पारित भएर कार्यान्वयनमा आउने अपेक्षा गर्नुभयो । बाह्य अर्थतन्त्र सुधार भए पनि आन्तरिक अर्थतन्त्र अझै चलायमान हुन नसकेको भन्दै बैंकहरूमा थुप्रिको पैसा परिचालन गरी व्यापार व्यवसायलाई चलायमान बनाइनुपर्नेमा जोड दिनुभयो । उहाँले अध्यादेश आउनु गलत नभए पनि त्यहाँ रहेका कतिपय प्रावधानलाई सच्याएर सदनबाट पारित गरिनुपर्नेमा जोड दिनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद श्रीकृष्णप्रसाद अधिकारीले संविधानले प्रत्याभूत गरेका मौलिक अधिकारको प्रभावकारीकार्यान्वयनगर्नसरकारको ध्यानाकर्षण गराउनुभयो । शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्न तथा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको सम्बोधन गर्न माग गर्नुभयो । उहाँले सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेशका रहेका कतिपय प्रावधानले जनतालाई न्याय दिन नसक्ने दाबी गर्नुभयो ।

माओवादीकै सांसद नरबहादुर विष्टले सुर्खेतदेखि महाकुम्भ तीर्थयात्रामा गएको बस दुर्घटना हुँदा ३९ जना घाइते भएको भन्दै उनीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो । उहाँले कर्णाली प्रदेशको राजधानी सुर्खेतमा अहिले पनि खानेपानीको हाहाकार रहेको भन्दै सुर्खेत उपत्यकामा एसियाली विकास बैंकको सहयोगमा सञ्चालन हुन लागेको खानेपानी आयोजनाको कामलाई चाँडो सम्पन्न गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेकपा (एकीकृत समाजवादी) का सांसद गोमादेवी तिमिल्सीनाले हेटौँडा सिमेन्ट उद्योगमा आबद्ध स्थायी र करार कर्मचारीको समस्या सम्बोधन गर्न र उद्योग सञ्चालनको वातावरण सिर्जना गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले सरकारी उद्योग धराशायी हुने र निजी उद्योग मौलाउने परिपाटीमा कसको कमजोरी हो भनी प्रश्न गर्नुभयो ।

एकीकृत समाजवादीकै घनश्याम रिजालले संविधानमा व्यवस्था भएको र कानुनी रूपमा रहेको जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी घटना भइरहनु चिन्ताको विषय भएको भन्दै घटनाका पीडितलाई न्याय दिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । अहिले पनि जातिय छुवाछूत र भेदभावका घटना आइरहेको र त्यस्ता घटनामा मिलेमतो हुने गरेको भन्दै यस्ता विषयमा दीर्घकालीन समाधान खोज्न माग गर्नुभयो । रासस

# समाजवादीका नीति-कार्यक्रम जनमुखी छन् : नेता खनाल




मोरङ । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले आफ्नो पार्टीका तर्फबाट ल्याइएका नीति तथा कार्यक्रम देश र जनताका पक्षमा रहेको बताउनुभएको छ । विराटनगरमा आज बिहान सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले अन्य पार्टीका भन्दा एकीकृत समाजवादीको नीति तथा कार्यक्रम राम्रो रहेको दाबी गर्नुभयो ।

सम्मानित नेता खनालले वर्तमान सरकार ढालेर अर्को जनमुखी सरकार निर्माण हुने अवस्था नरहेको स्पष्ट गर्नुभयो । उहाँले भन्नुभयो, “वामपन्थीहरू अब टाउको गनेर होइन, नीति तथा कार्यक्रमको आधारमा मिल्नुपर्छ, देश र जनताका पक्षमा देखिने गरी काम गर्नुपर्छ ।”

नेता खनालले दिगो विकाससहित समृद्धिको दिशामा मुलुकलाई लैजानका लागि आधुनिक कृषि प्रणाली र उद्योग क्षेत्रलाई प्राथमिकता दिनुपर्ने खाँचो औँल्याउनुभयो । वर्तमान संविधानको सिंहावलोकन गर्नुपर्ने समय आएको उल्लेख गर्दै उहाँले सम्झौताका आधारमा ल्याइएको वर्तमान संविधानमा भएकाले आवश्यकताअनुसार संशोधन गर्न सकिने बताउनुभयो । रासस

# नेपाल-भारत अन्तरदेशीय प्रसारण लाइन निर्माणको ‘मोडालिटी’ तयार गरिँदै



काठमाण्डु । नेपाल, भारत र बङ्गलादेशबीच अन्तरदेशीय प्रसारणलाइन निर्माणको ‘ मोडालिटी’ तय गरिने भएको छ । नेपालबाट भारत र बङ्गलादेशमा सन् २०३५ सम्म १५ हजार मेगावाट विद्युत् निर्यातका लागि आवश्यक प्रसारणलाइन निर्माणका लागि भारतको नयाँदिल्लीमा नेपाल र भारतबीच सचिवस्तरीय बैठकमार्फत मोडालिटी तय गर्न लागिएको हो ।

नेपाल र भारतबीच मङ्गलबार हुने सचिवस्तरीय बैठकमा भाग लिन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यसहितको टोली आज नयाँदिल्ली प्रस्थान गरेको छ । दुई देशको सचिवस्तरीय वार्ता र सहमतिपछि प्रसारणलाइन निर्माणको प्रक्रिया अगाडि बढाइनेछ ।

यही माघ ९ गते नेपाल र भारत ऊर्जा सहसचिवस्तरीय कार्यदलको १२औँ बैठकमा अन्तरदेशीय प्रसारणलाइन निर्माण र विद्युत् आयात तथा निर्यातलाई थप सहज बनाउने सहमति भएको थियो । सोही सहमति दुई देशबीचका सचिवस्तरीय बैठकले अनुमोदन गरेपछि कार्यान्वयनमा आउने मन्त्रालयका प्रवक्ता सन्दीपकुमार देवले जानकारी दिनुभयो ।

उक्त बैठकमा नेपाल र भारतबीचको मौजुदा विद्युत् प्रसारण लाइनहरू, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनहरू, भारतीय लगानीका विभिन्न जलविद्युत् आयोजनाहरू तथा सम्बद्ध प्रसारण लाइन आयोजना र अन्तरदेशीय विद्युत् आयात-निर्यातका विषयमा छलफल भएको थियो ।

नेपालको इनरूवादेखि भारतको पूर्णिया र नेपालको दोदोधारादेखि भारतको बरेलीसम्म ४०० केभीका दुई प्रसारण लाइन निर्माण कार्य सन् २०३० सम्म सम्पन्न गर्ने सहमति भएको छ । उक्त प्रसारण लाइन नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसन लिमिटेडको शेयर स्वामित्व रहनेगरी दुवैतर्फ संयुक्त कम्पनी स्थापना हुनेछ ।

दुई देशबीचको सम्झौतापछि नेपालतर्फ रहने संयुक्त कम्पनीमा नेपालको ५१ प्रतिशत र भारततर्फ रहने कम्पनीमा भारतको ५१ प्रतिशत शेयर स्वामित्व रहनेछ । दुवैतर्फका कम्पनीमा बाँकी ४९ प्रतिशत शेयर स्वामित्व अर्को देशको रहने व्यवस्था हुनेछ ।

यसैगरी, चमेलिया-जौलजीवी २२० केभी डबल सर्किट प्रसारण लाइनको डिपिआर सन् २०२५ सम्म सम्पन्न गरिने सहमति भएको छ । यस्तै, ढल्केवर-मुजफ्फरपुर प्रसारण लाइनको क्षमता ८०० मेगावाटबाट बढाएर एक हजार मेगावाट पुऱ्याउने बताइएको छ ।रासस

# प्रजातन्त्र दिवस भव्यताका साथ मनाइने, यस्ता छन् सरकारका निर्णय

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र दिवस भव्यताका साथ मनाउनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसम्बद्ध निकायमार्फत गरिने कार्यक्रम एवं जिम्मेवारी तोकिएको छ । सञ्चार मन्त्रालयका सचिव राधिका आर्यालको संयोजकत्वमा आज बसेको प्रचार प्रसार उपसमितिको बैठकले प्रजातन्त्र दिवस २०८१ लाई भव्यताका साथ सम्पन्नका गर्नका लागि मन्त्रालय मातहतका विभिन्न सात निकायको जिम्मेवारी तय गरेको हो ।

राष्ट्रिय समाचार समिति (रासस) लाई प्रजातन्त्रका विषयमा रिपोर्टिङ गर्ने, लेख रचना प्रकाशित गर्ने, अन्तवार्ता सञ्चालन गर्ने तथा अङ्ग्रेजी समाचार सेवामार्फत आलेख र अन्तर्वाताहरू अनुवाद गर्ने जिम्मेवारी दिइएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणले सबै दूरसञ्चार सेवा प्रदायकहरूमार्फत राष्ट्रिय प्रजातन्त्र तथा राष्ट्रिय प्रजातन्त्र दिवसको सम्बन्धमा एसएमएस, रिङ् ब्याक टोन र डिजिटल डिस्प्ले बोर्डहरूमार्फत शुभकामना सन्देश प्रवाहको व्यवस्था गर्ने साथै अनुगमन, समन्वय र सहजीकरण गर्नेछ ।

प्रजातन्त्र दिवसका सम्बन्धमा एसएमएस पठाउने, डिजिटल डिस्प्लेहरूमा दिवसको शुभकामना सन्देश प्रवाह गर्ने जिम्मा नेपाल टेलिकमलाई दिइएको छ । त्यसैगरी विज्ञापन बोर्डले प्रजातन्त्र दिवससँग सम्बन्धित लोक कल्याणकारी विज्ञापन तयार गरी देशभरका ८६६ वटा पत्रपत्रिकाहरूमा प्रकाशनको लागि पठाउने र कार्यान्वयनको समन्वय गर्नुपर्नेछ । बोर्डले नेपाल टेलिभिजनसँगको समन्वयमा जनचेतनामूलक सामग्रीहरू देशभरका विभिन्न एफएम रेडियोहरूमार्फत प्रसारणको व्यवस्था मिलाउने कार्य गर्नुपर्ने छ ।

गोरखापत्र संस्थानले गोरखापत्र दैनिक, दि राईजिङ नेपाल र अनलाइनमार्फत प्रजातन्त्र दिवसका विविध पक्षहरूलाई समावेश गरी सामग्री प्रकाशन, मल्टिमिडिया कन्टेन्ट तयारी तथा प्रकाशन, विचार, अन्तर्वार्ता, लेख र रचना प्रशारण तथा प्रकाशन गर्नुपर्नेछ । संस्थानले राष्ट्रिय प्रजातन्त्र निर्माणदेखि यसको कार्यान्वयनका विविध पक्षहरूलाई समेट्ने गरी विशेषाङ्क प्रकाशन गर्ने, शुभकामना सन्देशहरू प्रकाशन गर्ने भनिएको छ ।

त्यसैगरी सार्वजनिक सेवा प्रसारण संस्था (रेडियो नेपाल) ले मूल समारोहको लाइभ प्रसारण गर्ने, रेडियो नाटक प्रशारण, अन्तरसंवाद, परिसंवाद कार्यक्रम सञ्चालन गर्ने, जागरण गीत, राष्ट्रिय प्रजातन्त्रसम्बन्धी गीत, राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१ को मूल नारामा आधारित जनचेतनामूलक सामग्री प्रसारण गर्ने एवं सबै प्रादेशिक प्रसारण केन्द्रबाट राष्ट्र भाषामा समाचार तथा कार्यक्रम उत्पादन तथा प्रसारण गर्नेछ ।



त्यसैगरी सार्वजनिक सेवा प्रसारण संस्था, नेपाल टेलिभिजन (प्रादेशिक च्यानल समेत) ले राष्ट्रिय प्रजातन्त्र दिवसको मूल समारोह र अन्य प्रमुख कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण गर्ने, प्रजातन्त्रका विविध पक्षहरूलाई समावेश गरी परिसंवाद, संवाद, जागरण गीत, समाचार, समसामयिक स्टोरीहरू प्रसारण गर्नुका साथै मातृभाषाहरू कार्यक्रमहरू सञ्चालन गर्ने, राष्ट्रिय प्रजातन्त्र, नेपालको झण्डा, नक्सा लगायत प्रजातन्त्रसँग सम्बन्धित वृत्तचित्रहरू तयार तथा प्रसारण गर्नेछ ।रासस

## क्षतिग्रस्त बिपी राजमार्ग :

# स्रोत सुनिश्चित गर्दै सरकार



काभ्रेपलाञ्चोक । सरकार क्षतिग्रस्त बिपी राजमार्ग पुनःनिर्माणका लागि स्रोत जुटाउन लागेको छ । गत असोज दोस्रो साताको बाढीपहिरोबाट क्षतिग्रस्त राजमार्ग पुनःनिर्माणका लागि सरकार स्रोत जुटाउन लागिपरेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सडक कुन मोडालिटीमा कसरी पुनःनिर्माण गर्ने भन्ने विषयमा निर्क्योल गर्न निरीक्षण गरेको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, मन्त्रालयका सचिव केशवकुमार शर्मा तथा डिभिजन सडक कार्यालय भक्तपुरको टोलीले शनिबार क्षतिग्रस्त सडकको अनुगमन समेत गरेको छ ।

सडक अनुगमनमा क्रममा मन्त्री दाहालले करिब एक हप्तामा सडक पुनःनिर्माणका लागि स्रोत सुनिश्चितता हुने बताउनुभयो । “करिब एक हप्तामा सरकारद्वारा क्षतिग्रस्त सडक पुनःनिर्माणको स्रोत सुनिश्चितता हुनेछ, त्यसपछि प्रक्रियामा लाग्नेछौँ”, दाहालको भनाइ उद्धृत गर्दै कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले भन्नुभयो ।

योगेशका अनुसार एक हप्तामा क्षतिग्रस्त सडक पुनःनिर्माणको स्रोत सुनिश्चितता भए प्रक्रियागत रूपमा अघि बढ्दा आउँदा वैशाखसम्म ठेक्का लगाइ स्थायी पुनःनिर्माण थालिनेछ । त्यसअघि हाल बगरमा गरिएको डाइभर्सन तथा सडकको पुरानै स्थानलाई अवस्था हेरी दुईदेखि तीन मिटरसम्म उचाइ बनाउने तथा अप्ठ्यारो भएको स्थानमा जाली भरेर उचाइ बनाउन सकिने छलफल भएको योगेशले बताउनुभयो । उहाँले भन्नुभयो, “कुनै अवरोध नभए वैशाखदेखि पुनःनिर्माण सुरू हुन्छ, अन्यथा वर्षामा गाडी सञ्चालन गर्न अस्थायी रूपमा भए सडकलाई उचाइ गर्नुपर्ने देखिएको हो ।”

कार्यालयद्वारा गत पुसमा गरिएको अध्ययनले क्षतिग्रस्त सडक पुनःनिर्माण गर्न करिब रू साढे नौ अर्ब लाग्ने देखाएको थियो । प्रारम्भिक अध्ययनअनुसार बिपी राजमार्गअन्तर्गत भकुण्डेदेखि नेपाल थोकसम्मको विभिन्न स्थानमा पुनःनिर्माण गर्न रू नौ अर्ब ६६ करोड लाग्ने अनुमान गरिएको हो । उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्धस्थित चौकीडाँडादेखि रोशी गाउँपालिकाको कालढुङ्गासम्म १२ किलोमिटर सडकखण्डमध्ये आठ किलोमिटर सडकखण्ड पूर्णरूपमा क्षति पुगेको थियो ।

योगेशका अनुसार उक्त सडकमा तीन किसिमका वाल (आरसीसी रिटेनिङ, प्लम र गेभिएन) लगाउनुपर्ने अध्ययनबाट देखिएको छ । “अध्ययनबाट केही स्थानमा पहिला पुल बनाउनुपर्ने देखिए पनि पुल बनाउने कि, वाल लगाउने भन्नेबारे थप छलफलपछि निष्कर्ष निस्कने छ”, योगेशले भन्नुभयो । उहाँका अनुसार वाल खोला आउन सक्ने ठाउँमा आरसीसी वाल लगाउनुपर्ने देखिएको छ भने कतै प्लम वाल र कतै गेभिएन वाल लगाउनुपर्ने अध्ययनले देखाएको हो । पुनःनिर्मित सडकमा आसपाल्ट कङ्क्रिटसहित दुई लेनको सडक हुने योगेशले बताउनुभयो । यसअघि ‘इन्टरमिडियट लेन’ को सडक थियो । उक्त राजमार्ग पुनःनिर्माणका लागि प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज ३० गते नेपालका लागि जापानका राजदूत किकुता युताकासँग सहयोगबारे छलफल गर्नुभएको थियो । मन्त्रालयले जाइकासँग उक्त सडकखण्ड पुनःनिर्माणका लागि सहयोगको प्रस्ताव गरिसकेको छ । मन्त्रालय जाइकाको प्रतिवेदन र जवाफको पर्खाइमा रहेको बताइन्छ । शर्माका अनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् व्यवस्थापन कोषमा रहेको बजेट माग गर्नेसमेत तयारी भइरहेको छ । यस्तै दातृ निकायहरू एसियाली विकास बैंक (एडीबी) र विश्व बैंकको सहुलियतपूर्ण ऋण लिएर भए पनि राजमार्गको पुनःनिर्माणको तयारीमा मन्त्रालय रहेको जनाइयो । पुनःनिर्माणका लागि स्रोत सुनिश्चित लम्बिए आउने वर्षको वर्षामा यातायात सञ्चालनमा निकै कठिनाइ ब्यहोर्नुपर्ने योगेशले बताउनुभयो । उहाँले भन्नुभयो, “हाल स्रोत सुनिश्चितता भएको भए काम सुरू गर्थ्यौं, अब ढिला भयो भने वर्षाभरि यातायात सञ्चालन नहुन सक्छ ।” उहाँका अनुसार पूर्णरूपमा सडक पुनःनिर्माण गर्न कम्तीमा पनि दुई वर्ष लाग्ने अध्ययनले देखाएको छ ।

राजमार्गको भत्किएको खण्ड पुनःनिर्माणका विषयमा जापान सरकारले सहयोग गर्ने सङ्केत देखिएको छ । जापानको अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले पनि कात्तिक दोस्रो सातामा क्षतिग्रस्त सडकको अध्ययन गरिसकेको छ ।

यद्यपि, जाइकाले यस विषयमा कुनै हालसम्म प्रतिवेदन प्रस्तुत गरेको छैन ।रासस


**Ramgopalpur Municipality**

**Office of Municipal Executive**

**Ramgopalpur, Mahottari**

**Bid Addendum Notice**

**Bid Addendum Publication Date: 11 February 2025**

Bid Addendum is uploaded for following Bid published on corresponding date. For more details visit PPMO eGP system www.bolpatra.gov.np/egp

| IFB No. | IFB Name | Publication Date | Last Date of Bid Submission |
|---|---|---|---|
| 01/SPC/RGPMUN/ 2081/082 | The Construction of cold store, Ramgopalpur Municipality ward no.9 | 13 January 2025 | 16 February 2025 |

**Chief Administrative Officer**

# बङ्गलादेशः 'अपरेसन डेभिल हन्ट' नामक कारबाहीमा एक हजार ३०० जना पक्राउ



**एएफपी**

पूर्व प्रधानमन्त्री शेख हसिनाको शासनसँग सम्बन्धित गिरोहलाई लक्षित गरी गरेको 'अपरेसन डेभिल हन्ट' नामक व्यापक कारबाहीमा एक हजार ३०० भन्दा बढी व्यक्तिलाई पक्राउ गरिएको बङ्गलादेशी प्रहरीले सोमबार जनाएको छ ।

सन् २०२४ को अगष्टमा विद्यार्थी नेतृत्वको क्रान्तिमा हसिनालाई सत्ताच्युत गरिएपछि सत्ता सम्हालेको अन्तरिम सरकारमा गृह मन्त्रालयका प्रमुख जहाँगीर आलम चौधरीले 'सैतानलाई जरैदेखि उखेलेर नफाल्दासम्म' यो अभियान जारी रहने बताउनुभएको छ ।

प्रहरी प्रवक्ता इनामुल हक सागरले भन्नुभयो, "शनिबार सुरु भएको अभियानबाट देशभर एक हजार ३०८ जनालाई पक्राउ गरिएको छ। अभियान अझै जारी छ । फेब्रुअरी महिनाको सुरुमा हसिना नेतृत्वको विपक्षी दल आवामी लिगको नेतृत्वमा व्यापक आन्दोलनको घोषणा भएपछि सुरक्षा कारबाही सुरु गरिएको हो ।

ढाकास्थित प्रधानमन्त्रीको कार्यालयमा भीडले आक्रमण गरेपछि पूर्व प्रधानमन्त्री त्यहाँबाट हेलिकप्टरमार्फत् भागेर नयाँदिल्लीमा जानुभएको थियो। कार्यालयमा आक्रमण भएको छ महिनापछि फेब्रुअरी ५ मा प्रदर्शनकारीहरूले एक्स्काभेटरको प्रयोग गरी उहाँको परिवारसँग सम्बन्धित भवनहरू भत्काएका थिए ।

मानवताविरुद्धको अपराधको सामना गर्न पक्राउ पुर्जीको अवज्ञा गरेकी ७७ वर्षीया हसिना छिमेकी मुलुक भारतमा निर्वासनबाट फेसबुकमार्फत् नेता तथा कार्यकर्तासँग संवाद गर्ने समाचारपछि सरकारले आवामी लिगका नेता, समर्थक र कार्यकर्तामाथि व्यापक धरपकड शुरू गरेको थियो ।

अभियानको नाममा हसीनाका स्वर्गीय पिता, बङ्गलादेशका प्रथम राष्ट्रपति शेख मुजिबुर रहमानको संग्रहालय र पूर्व घरसमेत रहेका भवनहरू ध्वस्त भएपछि नागरिक अधिकारकर्मीको एक समूहले यसको निन्दा गरेको छ ।

हसिना विरोधी प्रदर्शनकारी र उहाँको अवामी लिग पार्टीका सदस्यहरूबीच पनि झडप भएको थियो। अन्तरिम सरकारले हिंसात्मक गतिविधिका लागि हसिनालाई दोषी ठहराईएको छ । शुक्रबार अन्तरिम नेता तथा नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसले शान्तिका लागि अपिल गर्नुभएको छ ।

नेता युनुसको अपिल सार्वजनिक भएको केही घण्टापछि ढाकास्थित गाजीपुर जिल्लामा हसिनाविरुद्ध विद्रोह चर्काउने समूह स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसनका सदस्यहरूमाथि आक्रमण भएको थियो । त्यसपछि सरकारी क्याबिनेटमा रहेका मुखर र शक्तिशाली समूहले कारबाहीको माग गरेका थिए ।

सरकारले 'निरंकुश शासनसँग सम्बन्धित गिरोहले विद्यार्थीहरूको एक समूहमाथि आक्रमण गरेको र उनीहरू गम्भीर घाइते भएपछि कारबाही सुरु गरिएको' बताएको छ । यो अभियानले चिन्ता बढाएको छ । युनुसका प्रेस सल्लाहकार शफिकुल आलमले भन्नुभयो, "सरकारले विशेष कमान्ड सेन्टर टोलीलाई कानून कार्यान्वयन गर्ने निकायको प्रयासको निरीक्षण गर्न जिम्मा दिएको छ ।"

तर सर्वोच्च अदालतका वकिल स्नेहद्री चक्रवर्तीले यस अभियानलाई 'बेकारको लफडा' भन्दै आलोचना गर्नुभएको छ। उहाँले सामूहिक गिरफ्तारीले मुख्य समस्यालाई सम्बोधन नगरी 'निर्दोष मानिसहरू'लाई सफा गर्ने खतरा रहेको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "मलाई लाग्दैन कि यो अभियानले बिग्रँदो कानूनी व्यवस्थाको स्थितिमा उल्लेखनीय सुधार ल्याउनेछ। "मेरो विचारमा यो 'बेकारको लफडा' हो ।"

> अभियानको नाममा हसीनाका स्वर्गीय पिता, बङ्गलादेशका प्रथम राष्ट्रपति शेख मुजिबुर रहमानको संग्रहालय र पूर्व घरसमेत रहेका भवनहरू ध्वस्त भएपछि नागरिक अधिकारकर्मीको एक समूहले यसको निन्दा गरेको छ ।

# राष्ट्रपति ट्रम्पले इरानलाई घुँडा टेकाउन खोजेको तेहरानको दावी



एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई घुँडा टेकाउन खोजेको इरानका राष्ट्रपति मसूद पेजेस्कियानले आरोप लगाउनुभएको छ ।

सन् १९७९ मा इस्लामिक गणतन्त्रको स्थापना र शाह मोहम्मद रेजा पहलवीको सत्ताच्युत भएको इस्लामिक क्रान्तिको ४६ औं वार्षिकोत्सव कार्यक्रममा बोल्दै उहाँले इरानविरूद्ध अमेरिकी नेतृत्व लागिपरेको बताउनुभएको हो ।

"ट्रम्पले हामी वार्ता गर्न चाहन्छौं भन्ने तर इरानी क्रान्तिलाई घुँडा टेकाउन सबै षडयन्त्रमा हस्ताक्षर गर्नुभएको छ," ट्रम्पले यसै महिनाको सुरुमा तेहरानविरुद्धको प्रतिबन्ध पुनर्स्थापना गरेको उल्लेख गर्दै पेजेस्कियनले भन्नुभयो ।

"हामी युद्धको खोजीमा छैनौं", उहाँले भन्नुभयो, "तर इरान कहिल्यै पनि विदेशीका अगाडि झुक्ने छैन ।"

अमेरिका र इजरायल विरोधी नारा लगाउँदै सोमबार बिहान दक्षिणमा शिराज र बन्दर अब्बास, उत्तरमा रास्ट, पश्चिममा केरमानशाह र सान्दाज तथा पूर्वमा पवित्र शहर मशादको सडकमा भीड जम्मा भएको टेलिभिजनमा प्रसारित श्रब्यदृश्यमा देखाइएको छ । कार्यक्रममा सहभागी हरूले सर्वोच्च नेता अयातुल्लाह अली खामेनीको तस्वीर, इरानको हरियो, रातो र सेतो झण्डाका साथै तेहरान समर्थित हिजबुल्लाहजस्ता समूहहरूको ब्यानर बोकेका थिए ।

संयुक्त राज्य अमेरिकाले ' विभाजन' को बीजारोपण गरेर इरानलाई कमजोर पार्न खोजेको आरोप लगाउँदै पेजेशकियानले भन्नुभयो, "यदि हामी एक साथ अघि बढ्यौं भने देशको सबै समस्याहरू समाधान गर्न सक्षम छौं।"

सन् २०२१ मा समाप्त भएको आफ्नो पहिलो कार्यकालमा ट्रम्पले इरानविरुद्ध 'अधिकतम दबाब' को नीति लिनुभएको थियो । फेब्रुअरी ४ मा विभागहरूलाई नयाँ प्रतिबन्धहरू लगाउन निर्देशन दिने आदेशमा हस्ताक्षर गर्दै ट्रम्पले 'इरानसँग सम्झौता गर्न र सबैले सँगै बस्न सक्ने' आशा व्यक्त गर्नुभएको थियो । त्यतिबेला ट्रम्पले यदि इरानले आफ्नो मुलुक र नागरिकमाथि आक्रमण गरेमा इरानको नामेट हुने चेतावनी दिनुभएको थियो ।

सन् १९७९ मा निर्वासनबाट अयातुल्लाह रुहोल्लाह खोमेनीको तेहरान फर्केको वर्षगाँठ अर्थात् जनवरी ३१ मा इरानले शाहलाई सत्ताच्युत गरेको १० दिने समारोह सुरु हुन्छ । ट्रम्पको प्रतिबन्धको घोषणापछि हालैका दिनहरूमा इरानी अधिकारीहरूले नागरिकहरूलाई ठूलो संख्यामा उत्सवमा भाग लिन आग्रह गरेका थिए ।

# अमेरिकी स्टिल र एलुमिनियम आयातमा २५ प्रतिशत कर लगाउने ट्रम्पको घोषणा

एएफपी । राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार संयुक्त राज्य अमेरिकाले यस हप्ता स्टिल र एलुमिनियम आयातमा २५ प्रतिशत भन्सार लगाउने बताउनुभएको छ । यो उहाँले घोषणा गरेका व्यापार करहरूको पछिल्लो शृङ्खला हो ।

एयर फोर्स वन विमानमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले सोमबार घोषणा गरिने भन्सार 'संयुक्त राज्य अमेरिकामा आउने कुनै पनि स्टिल' मा लागू हुने र यसले एलुमिनियमलाई पनि प्रभाव पार्ने बताउनुभयो ।

सन् २०१७-२०२१ को राष्ट्रपति कार्यकालमा अमेरिकी उद्योगको सुरक्षाका लागि ट्रम्पले यस्तै शुल्क लगाउनुभएको थियो । यसलाई उहाँले एसियाली र युरोपेली देशहरूबाट अनुचित प्रतिस्पर्धाको सामना गर्नुपरेको विश्वास गर्नुभएको थियो ।

अमेरिकी व्यापार तथ्याङ्कअनुसार क्यानाडा संयुक्त राज्य अमेरिकामा स्टिल र एलुमिनियम आयातको सबैभन्दा ठूलो स्रोत हो । ब्राजिल, मेक्सिको र दक्षिण कोरिया पनि देशका प्रमुख स्टिल आपूर्तिकर्ता हुन् । क्यानाडालाई ट्रम्पले पहिले नै भन्सारको धम्की दिइसक्नुभएको छ ।

रिपब्लिकन अर्बपति ट्रम्पले आइतबार अन्य देशहरूले अमेरिकी उत्पादनहरूमा लगाएको दरसँग मिल्ने गरी आफ्नो सरकारको भन्सार बराबर गर्न 'पारस्परिक भन्सार' को घोषणा गर्ने पनि बताउनुभयो ।

"हरेक देशसँग पारस्परिक व्यवहार हुनेछ", ट्रम्पले भन्नुभयो । उहाँले मङ्गलबार वा बुधबार भन्सारको बारेमा विस्तृत घोषणा गर्ने बताउनुभयो ।

राष्ट्रपतिले पदभार सम्हाले लगत्तै प्रमुख व्यापार साझेदार चीन, मेक्सिको र क्यानाडामा भन्सार लगाउने आदेश दिएर संयुक्त राज्य अमेरिकाको वित्तीय शक्तिलाई हतियार बनाउने आफ्नो रुचि देखाउनुभएको छ ।

क्यानाडा र मेक्सिकोले फेन्टानिल लागूपदार्थको प्रवाह र कागजातविहीन आप्रवासीहरूको संयुक्त राज्य अमेरिकामा प्रवेशलाई रोक्न कडा कदम चाल्ने वाचा गरेपछि ट्रम्पले दुवै मुलुकविरुद्धको २५ प्रतिशत भन्सार एक महिनाका लागि रोक्नुभयो ।

> ट्रम्पले युरोपेली संघ (इयु) मा पनि कर लगाउने वाचा गर्नुभएको छ र उहाँले चाँडै अनिर्दिष्ट "पारस्परिक भन्सार" घोषणा गर्ने बताउनुभएको छ ।



तर चीनविरुद्धको भन्सार भने अघि बढ्यो । मङ्गलबारदेखि संयुक्त राज्यमा प्रवेश गर्ने उत्पादनहरूमा १० प्रतिशत अतिरिक्त कर लाग्नेछ ।

बेइजिङले सोमबारदेखि लागू हुने गरी कोइला र तरलीकृत प्राकृतिक ग्यास जस्ता केही अमेरिकी उत्पादनहरूमा लक्षित भन्सार लगाएर जवाफ दिएको छ ।

गोल्डम्यान स्याक्सका अनुसार नयाँ चिनियाँ भन्सारले १४ अर्ब डलर मूल्यका अमेरिकी सामानहरू समेट्छ भने ट्रम्पले घोषणा गरेको भन्सारले पाँच खर्ब २५ अर्ब डलर मूल्यका चिनियाँ सामानहरू समेट्छ ।

**स्वर्णिम युग**

ट्रम्पले युरोपेली सङ्घ (इयु) मा पनि कर लगाउने वाचा गर्नुभएको छ र उहाँले चाँडै अनिर्दिष्ट 'पारस्परिक भन्सार' घोषणा गर्ने बताउनुभएको छ ।

फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोंले आइतबार प्रसारित एक अन्तर्वार्तामा युरोपप्रति गरिएको वित्तीय धम्कीको विषयमा ट्रम्पसँग सीधा मुकाबला गर्ने प्रतिज्ञा गर्नुभयो । यद्यपि उहाँले संयुक्त राज्य अमेरिकाले युरोपेली सङ्घको सट्टा चीनमाथि आफ्नो प्रयास केन्द्रित गर्नुपर्ने बताउनुभयो ।

म्याक्रोंले सिएनएनमा युरोपमाथिको कुनै पनि भन्सारको प्रभाव अमेरिकीहरूले महसुस गर्नेछन् भन्दै यसले 'अमेरिकामा लागत बढाउने र मुद्रास्फीति सिर्जना गर्ने' चेतावनी दिनुभयो ।

शुक्रबार जापानी प्रधानमन्त्री शिगेरु इशिबासँगको मैत्रीपूर्ण बैठकमा ट्रम्पले टोकियोलाई जापानसँगको अमेरिकी व्यापार घाटा शून्यमा नझारेसम्म निर्यात गरिएका सामानमा भन्सार लाग्नसक्ने चेतावनी दिनुभयो ।

विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र भएको संयुक्त राज्यको व्यापार घाटा गत वर्ष बढेर करिब नौ खर्ब २० अरब डलर पुगेको छ ।

संयुक्त राज्य अमेरिकाका लागि 'नयाँ स्वर्ण युग' को वाचा गर्नुभएका ट्रम्पले कुनै पनि शुल्कको प्रभाव अमेरिकी उपभोक्ताहरूलाई नदिई विदेशी निर्यातकर्ताहरूले वहन गर्ने कुरामा जोड दिनुभएको छ । यद्यपि धेरै विज्ञहरूले यसको विपरीत बताएका छन् ।

तर यस महिनाको सुरुमा मेक्सिको, क्यानाडा र चीनमाथि भन्सार घोषणा गरेपछि उहाँले अमेरिकीहरूले आर्थिक 'पीडा' महसुस गर्न सक्ने स्वीकार गर्नुभयो ।

ट्रम्पले आफ्ना व्यापक नीतिगत लक्ष्यहरू हासिल गर्न भन्सारलाई धम्कीको रूपमा प्रयोग गर्नुभएको छ । सबैभन्दा पछिल्लो पटक उहाँले कोलम्बियाले निर्वासित आप्रवासीहरू बोकेका अमेरिकी सैन्य विमानहरूलाई फर्काउँदा त्यसमाथि भन्सार लगाउने बताउनुभएको थियो ।

ट्रम्पसँगको एक दिनको टकरावपछि कोलम्बियाली सरकार पछि हटेको थियो ।

# सन् २०२४ मा चीनमा विवाहको सङ्ख्यामा २० प्रतिशतले कमी : सरकार



एएफपी । निरन्तर जनसाङ्ख्यिकीय चुनौतीको पछिल्लो सङ्केतलाई पछ्याउँदै गत वर्ष चीनमा विवाहमा २० प्रतिशतको गिरावट देखिएको सरकारी तथ्याङ्कले देखाएको छ ।

बेइजिङले युवा परिवार हरूको लागि अनिश्चित आर्थिक दृष्टिकोणसहित जन्मदर वृद्धिलाई प्रोत्साहित गर्ने काम गरिरहेको छ ।

सन् २०२४ मा ६१ लाख दम्पतीले विवाहका लागि दर्ता गराएका र यो अघिल्लो वर्षको तुलनामा ७७ लाखले कम हो । सन् २०२३ मा विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देशको रूपमा रहेको चीनलाई भारतले उछिनेको । सन् २०२३ मा चीनको कुल जनसङ्ख्या लगातार तेस्रो वर्ष २०.५ प्रतिशतले घटेको थियो ।

चीनको एक अर्ब ४० करोड जनसङ्ख्या अहिले तीव्र गतिमा बुढ्यौली जनसङ्ख्या हुँदै गएको छ र गत वर्षको अन्त्यसम्ममा चीनमा ६० वर्ष वा सोभन्दा माथिको जनसङ्ख्या करिब एक चौथाई रहेको छ । जनसाङ्खिकीय प्रवृत्तिहरूले देशका अधिकारीहरूका लागि नयाँ चुनौतीहरू प्रस्तुत गर्दछ । यसले लामो समयदेखि आर्थिक विकासको चालकको रूपमा आफ्नो विशाल कार्यबलमा भरोसा गरेको छ ।

हालैका वर्षहरूमा बेइजिङले सुरु गरेको परिवारसमर्थक अभियानको बावजुद विवाहमा गिरावट आएको छ । अभियानमा विभिन्न अनुदानहरू र सन्देशमार्फत् मानिसहरूलाई धेरै (दुई वा सो भन्दा बढी) बच्चा जन्माउन प्रोत्साहित गर्दछ ।

तर विशेषज्ञहरूका अनुसार विशेष गरी शिक्षा र बच्चाको हेरचाहको लागि हुने उच्च लागत र नयाँ स्नातकहरूको पर्खाइमा चुनौतीपूर्ण रोजगार बजार आमाबाबुलाई धेरै बच्चा बनाउन निरुत्साहित गर्ने कारकहरूमध्ये एक हो ।

चिनियाँ 'माइक्रोब्लगिङ साइट (वेइबो' का एक सेवाग्राहीले भन्नुभयो, "यदि म आफ्ना आमाबाबुमा भर पर्दिनँ भने म घर किन्न सक्दिनँ र विवाह गर्नु पनि ठूलो खर्च लाग्छ ।" "यो वर्ष मलाई अचानक महसुस भयो कि अविवाहित हुनु पनि धेरै राम्रो छ। त्यति धेरै दबाब छैन, म कमाउँछु र आफ्नै पैसा खर्च गर्छु," उहाँले भन्नुभयो ।

सन् १९८० को दशकमा जनसङ्ख्या वृद्धिद् उच्च बनेपछि बेइजिङले 'एक सन्तान नीति' लागू गरेको थियो। यो नियम सन् २०१६ मा मात्र अन्त्य भएको हो । दम्पतीलाई सन् २०२१ मा तीन सन्तान जन्माउन अनुमति दिइएको थियो तर चीनको जनसाङ्खिकीय परिवर्तनको सङ्केत देखिन थालिसकेको थियो ।

विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा घट्दो विवाहले आगामी वर्षहरूमा पेन्सन र सार्वजनिक स्वास्थ्य प्रणालीमा दबाब बढाउने खतरा छ । बेइजिङले सेप्टेम्बरमा लामो समयदेखि निरन्तरता पाएको ६० वर्षको वैधानिक सेवा निवृत्तिको उमेर क्रमशः बढाउने घोषणा गरिसकेको छ। यसलाई प्रत्याशित कदम भनिएको छ ।

# स्टार्मरद्वारा विश्वका नेताहरूलाई एचआईभी परीक्षण गर्न आग्रह



एएफपी । एचआइभीको परीक्षण गरेको भिडियो सार्वजनिक गर्दै बेलायती प्रधानमन्त्री तथा जी-७ राष्ट्रका नेता केइर स्टार्मरले विश्वका अन्य नेतालाई एचआईभी परीक्षण गर्न आग्रह गर्नुभएको छ ।

नेताले प्रीक्षण गर्दा यसको प्रभाव सहजै जनतामा पर्ने र उनीहरूले पनि यसलाई पछ्याउने उहाँको धारणा रहेको छ ।

बेलायती प्रधानमन्त्री कार्यालयले एचआईभी परीक्षणलाई प्रोत्साहित गर्न एक हप्ता लामो राष्ट्रव्यापी पहलको समर्थनमा स्टार्मरले शुक्रबार डाउनिङ स्ट्रिटमा 'र्‍यापिड होम टेस्ट' पूरा गरेको फुटेज सोमबार सार्वजनिक गरेको थियो ।

युके हेल्थ सेक्युरिटी एजेन्सी (यूकेएचएसए) का अनुसार इङ्ग्ल्याण्डमा अनुमानित चार हजार ७०० व्यक्ति एचआईभी सङ्क्रमित भएर बाँचिरहेका छन् । स्टार्मरले डिसेम्बरमा आफ्नो सरकारले सन् २०३० सम्ममा इङ्ल्यान्डमा नयाँ एचआईभी केसहरू अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । नयाँ 'एचआईभी कार्य योजना' ले यस वर्षको अन्त्यमा प्रकाशित हुने लक्ष्यलाई कसरी पूरा गर्नेछ भनेर वर्णन गरेको थियो ।

"मलाई लाग्छ परीक्षण गर्ने कार्य विश्वभरका प्रधानमन्त्री र नेताहरूले गर्नुपर्छ र आफ्नो आफ्नो देशमा यसलाई अभियानका रूपमा सञ्चालन गर्नुपर्छ," उहाँले बेलायतको मेट्रो अखबारसँग भन्नुभयो ।

"यदि मानिसहरूले परीक्षण गरे भने उनीहरूले आफ्नो स्थिति थाहा पाउनेछन् र यसले रोग फैलिनबाट सावधानी अपनाउन सहजता हुनेछ," उहाँले आफ्नो कार्यालयद्वारा जारी गरिएको विज्ञप्तिमा भन्नुभयो ।

उहाँले भन्नुभयो, "त्यसपछि तपाईं उपचारमा पहुँच प्राप्त गर्न सक्नुहुनेछ, र यसले सन् २०३० सम्ममा नयाँ एचआईभी सङ्क्रमण अन्त्य गर्ने हाम्रो सामूहिक लक्ष्य पूरा गर्न पनि मद्दत गर्नेछ ।"

टेरेन्स हिगिन्स ट्रस्टद्वारा प्रदान गरिएको र स्वास्थ्य र सामाजिक हेरचाह विभागद्वारा वित्त पोषित एक हप्ता लामो परीक्षण पहल, २०१२ देखि इङ्गल्याण्डमा वर्षेनी चलिरहेको छ ।

# जनवरीमा दक्षिण कोरियाको बेरोजगार दाबी घट्यो

सिन्ह्वा । दक्षिण कोरियाको व्यापार सेवा, स्वास्थ्य तथा कल्याण र सार्वजनिक प्रशासन क्षेत्रमा कम माग आएसँगै गत महिनाको बेरोजगारीको दाबीमा कमी आएको सरकारी तथ्याङ्कले सोमबार देखाएको छ । रोजगार तथा श्रम मन्त्रालयका अनुसार गत वर्षको सोही महिनाको तुलनामा रोजगारीका लागि नयाँ आवेदन दिनेको सङ्ख्या ७.९ प्रतिशतले घटेर जनवरीमा रोजगारीका लागि नयाँ आवेदन दिनेको सङ्ख्या एक लाख ८६ हजार पुगेको छ ।

गत वर्ष रोजगारीका लागि नयाँ आवेदन दिनेको सङ्ख्या अक्टोबरमा १२.४ प्रतिशत, नोभेम्बरमा २.२ प्रतिशत र डिसेम्बरमा ९.० प्रतिशतले वृद्धि भएको थियो ।

व्यावसायिक, स्वास्थ्य तथा कल्याण र सार्वजनिक प्रशासन क्षेत्रमा आवेदकहरूको कमी आएको तर निर्माण उद्योगमा यो दरमा सामान्य वृद्धि भएको छ ।

दक्षिण कोरियामा बेरोजगार हरूलाई रोजगारी खोज्न मद्दत गर्न सरकारले सहयोग प्रदान गर्छ र यो राज्यको रोजगार बीमा कोषद्वारा वित्त पोषित छ ।

# पौवादुङ्मामा वृद्धिमुखी उद्यमशिलता रोजगार प्रवर्द्धन कार्यक्रमको सुरुआत



भोजपुर । पौवादुङ्मा गाउँपालिकामा 'वृद्धिमुखी उद्यमशिलता र रोजगार प्रवर्द्धन कार्यक्रम'को सुरुआत गरिएको छ । उद्यमशिलताको विकाससँगै रोजगारी सिर्जना गर्ने लक्ष्यले जिल्लामा नै पहिलो पटक यो कार्यक्रम सुरुआत गरिएको हो ।

कोशी प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालय, गाउँपालिका र दायित्व संस्थाको त्रिपक्ष लागत साझेदारीमा पाइलट प्रोजक्ट (नमूना परक्षिण कार्यक्रम)का रूपमा सञ्चालन गरिएको छ ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालयको रु ४० लाख, गाउँपालिकाको रु २० लाख र दायित्व संस्थाको रु १५ लाख गरी कूल रु ७५ लाख लागतका कार्यक्रम सुरु गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिनुभयो ।

यो कार्यक्रमअन्तर्गत उद्यमीहरूको छनोट, सशक्तीकरण, व्यवसायिकीकरण र बजारीकरणमा सहयोग गरिने उहाँले जानकारी दिनुभयो । "त्रिपक्षिय लागत साझेदारीमा हाम्रो गाउँपालिकामा पहिलो पटक यो कार्यक्रम सञ्चालन गरेका छौँ", प्रशासकीय अधिकृत भट्टराईले भन्नुभयो, "यो कार्यक्रमअन्तर्गत यहाँका उद्यमीहरूको खोजी तथा पहिचान गरेर सशक्तीकरणसँगै व्यवसायिकीकरण र बजारीकरणको लागि प्रोत्साहन गरिने छ ।"

प्रारम्भिक चरणमा ४० उद्यमी छनोट गरिने र त्यसबाट क्रमशः २० र दश गरेर उत्कृष्ट १० उद्यमीलाई उद्यम प्रवर्द्धनका लागि आवश्यक सहयोग गरिने प्रशासकीय अधिकृत भट्टराईले जानकारी दिनुभयो । नमूना कार्यक्रमका रूपमा कोशी प्रदेशमा रहेका १३७ स्थानीय तहमध्ये पाँच स्थानीय तहमा मात्र कार्यक्रम सञ्चालन भइरहेको गाउँपालिका अध्यक्ष किरण राईले बताउनुभयो ।

भोजपुरको पौवादुङ्मा गाउँपालिका, खोटाङको ऐसेलुखर्क गाउँपालिका, इलामको फाक्फोकथुम गाउँपालिका, झापाको गौरादह नगरपालिका र सुनसरीको रामधुनी नगरपालिकामा मात्र 'पाइलट प्रोजेक्ट'का रूपमा सञ्चालन भइरहेको अध्यक्ष राईको भनाइ छ । प्रदेश सरकारले वृद्धिमुखी उद्यमशिलता र रोजगार प्रवर्द्धनका लागि प्राथमिकता साथ यो कार्यक्रम सञ्चालन गरेको अध्यक्ष राईले जानकारी दिनुभयो ।

"उद्यमशिलता र रोजगारी वृद्धिका लागि यो निकै महत्वपूर्ण कार्यक्रम छ", अध्यक्ष राईले भन्नुभयो, "जिल्लाका नौ स्थानीय तहमध्ये यस वर्ष पौवादुङ्ममा मात्र यो कार्यक्रम सुरुआत भएको छ, यसले यहाँका विभिन्न उद्यमसँग जोडिएकालाई आवश्यक सहयोग गर्नेछ ।"

यो कार्यक्रम एक वर्षसम्म सञ्चालन हुने जनाइएको छ । कार्यक्रम सञ्चालन तथा उद्यमीलाई सहजीकरण गर्नको लागि दायित्व संस्थाका एक जना उद्यम अधिकृतले यहाँ नै बसेर सेवा प्रदान गर्ने गाउँपालिकाले जनाएको छ ।

यो कार्यक्रमअन्तर्गत, कृषि, पशुपालन, व्यापार, घरेलु उद्योगलगायतको प्रवर्द्धन तथा विकासको क्षेत्रमा काम गरिने गाउँपालिकाले जनाएको छ । छनोटमा परेका उद्यमीहरूलाई ५० प्रतिशत अनुदानमा मागको आधारमा प्रविधिसमेत हस्तान्तरण गरिने गाउँपालिकाको भनाइ छ । रासस

# 'शङ्खरापुरको जडीबुटी प्रशोधन केन्द्र पुनःस्थापनाका लागि बजेट गरिन्छ'

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले शङ्खरापुर नगरपालिकामा पहिले स्थापना भएर बन्द रहेको जडीबुटी प्रशोधन केन्द्र पुनःस्थापनाका लागि आगामी आर्थिक वर्षको बजेटमा व्यवस्था गरिने प्रतिबद्धता जनाउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूको जिज्ञासाको जवाफ दिनुहुँदै उहाँले केन्द्रको पुनःस्थापनापछि खेर गइरहेको जडीबुटीको पनि उपयोग हुने बताउनुभयो । राष्ट्रिय अनुकूलन योजनाको तयारी भइरहेको जानकारी मन्त्री शाहीले गराउनुभयो । जलवायु वित्त स्थानीय तहसम्म लगिने कार्यक्रम मन्त्रालयले बनाएको छ ।

वनसँग सम्बन्धित क्षेत्रमा आउने पर्यटकको बसाइ लम्ब्याउन सरोकार भएका निकायसँग छलफल गरिने पनि उहाँको भनाइ छ । दिगो वन व्यवस्थापन गरी आगलागी नियन्त्रणका काम गर्न लागिएको मन्त्री शाहीले बताउनुभयो । राष्ट्रिय निकुञ्जले प्रत्येक वर्ष अग्निरेखा बनाएर काम गरेको उल्लेख गर्नुहुँदै उहाँले वनमा पानीपोखरी र आहाल बनाएर आगलागी नियन्त्रणलाई सहयोग गरिने प्रतिबद्धता जनाउनुभयो ।

तनहुँमा निर्माणको तयारी भएको खुला प्राणी उद्यानका लागि आगामी वर्षको बजेटमा व्यवस्थापन गर्ने गरी मन्त्रालयले कार्यक्रम बनाएको छ । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका समस्या मध्यवर्ती क्षेत्र नियमावली संशोधन गरेर समाधान हुने उहाँको भनाइ छ ।

वन र कृषि मन्त्रालयले संयुक्त रूपमा बाँदर र बँदेलको आतङ्क रोक्न अध्ययन भइरहेको मन्त्री शाहीले बताउनुभयो । वनमा डढेलो लगाउनेलाई तीन वर्षसम्म कैद र जरिवानाको व्यवस्था भए पनि पत्ता लगाउन अप्ठ्यारो भएको उहाँको भनाइ थियो ।

दिगो वन व्यवस्थापनका माध्यमबाट विदेशबाट आउने काठलाई निरूत्साहित गरिने कार्यक्रम मन्त्रालयले बनाएको छ । कार्वन व्यापारका लागि सहमति भएको मन्त्री शाहीले बताउनुभयो । पछिल्लो समय वन डढेलोका घटनामा वृद्धि भएको, बस्तीमा पुगेर जनधनको क्षति भएको, वातावरणमा नकारात्मक प्रभाव परेको, वन डढेलो निभाउने क्रममा स्थानीयवासी, कर्मचारी, सुरक्षाकर्मीले जीवन गुमाउनुपरेको उहाँले सुनाउनुभयो ।

चैत, वैशाखमा धेरै वन डढेलोका घटना हुने गरेको उल्लेख गर्नुहुँदै मन्त्री



शाहीले सघन वन व्यवस्थापनको काम सबै वनमा हुन नसक्दा समस्या आएको बताउनुभयो । खेतीयोग्य जमिन बाँझो, नियतवश आगो लगाउने, घाँस पलाउँछ भनेर वनमा आगो लगाउने गरिएको उहाँले सुनाउनुभयो । वन्यजन्तु धपाउन पनि आगो लगाउने गरिएको छ ।

हरेक वर्ष मङ्सिरदेखि जेठसम्म आगलागीका घटना हुने गरेको छ । बागमती प्रदेशमा बढी र सुदूरपश्चिम प्रदेशमा कम आगलागीका घटना भएको तथ्याङ्क मन्त्रालयमा रहेको छ । वन डढेलोबाट कर्णालीमा यस वर्ष एक जनाको निधन भएको छ । वन डढेलोले सरदर वार्षिक रूपमा आठ जनाको निधन हुने गरेको छ ।

रसुवा र नुवाकोटका बीचमा आगलागी भई नियन्त्रणमा आउन लागेको मन्त्री शाहीले जानकारी गराउनुभयो । सिन्धुपाल्चोकको भोटेकोशीमा माघ १८ गते सुरू भएको आगलागी नियन्त्रणमा आएको छ । काभ्रेको महाभारत क्षेत्रको वनमा पनि आगलागी भई नियन्त्रणमा आएको जनाइएको छ ।

आगलागी नियन्त्रणका लागि संसदीय समितिले दिएको निर्देशनअनुसार काम भइरहेको छ । प्रदेशको वन हेर्ने मन्त्रालयलाई आवश्यक व्यवस्थापन गर्न निर्देश गरिएको मन्त्री शाहीले सुनाउनुभयो । संरक्षण क्षेत्र हेर्ने कार्यालयलाई डढेलो लाग्न नदिन र लागेमा छिटो निभाउन निर्देशन दिएको पनि मन्त्रालयले जनाएको छ ।

देशभर हुने गरेका आगलागीका घटनाका बारेमा वन तथा भू-संरक्षण विभागमा रहेको अग्नि नियन्त्रण कक्षमा खबर आई तत्काल व्यववस्थापन गर्ने गरिएको छ । जिल्ला वन कार्यालयको नेतृत्वमा जिल्ला स्तरीय समिति निर्माण गरी आगलागी नियन्त्रणका लागि काम भएको छ ।

बैठकमा सांसद माधव सापकोटाले अमेरिकी राष्ट्रपतिले पेरिस सम्झौताबाट पछि हट्ने घोषणा गरेपछि जलवायु परिवर्तनका लागि पर्ने असर कसरी व्यवस्थापन हुन्छ भनी प्रश्न गर्नुभएको थियो । मन्त्रालयको नाम वन, वातावरण तथा जलवायु परिवर्तन राख्न पनि उहाँले सुझाव दिनुभयो ।सांसद रामहरि खतिवडाले बाँदर आतङ्कले पहाडी क्षेत्रमा बस्न नसकिने अवस्था रहेकाले व्यवस्थापन गर्न माग गर्नुभयो ।

**सांसद सोविता गौतमले नेपालमा बृहत् जडीबुटी खेती गर्ने के कार्यक्रम छ भन्नुहुँदै पहिले शङ्खरापुरको बज्रयोगिनीमा रहेको जडीबुटी प्रशोधन केन्द्रलाई पुनर्स्थापना गर्न माग गर्नुभयो ।**

सांसद रणेन्द्र बरालीले चितवनको चार कोशे झाडीमा आगलागी भएर धुवाँ र प्रदूषणले मध्य नेपाललाई नै असर गरेको बताउनुभयो ।

सांसद प्रेम सुवालले बसाइ सराइका कारण पनि आगलागी हुने गरेकाले जिल्लामै मात्र बसाइ सराइ गर्ने व्यवस्था गर्न माग गर्नुभयो । सांसद रघुजी पन्तले वन डढेलो नियन्त्रण गर्न उपयुक्त सामुदायिक वन समूह भएको उल्लेख गर्नुहुँदै यसका लागि सरकारको के योजना छ भनी प्रश्न गर्नुभयो । सांसद जावेदा खातुनले वन डढेलोले जैविक विविधताको क्षति हुने गरेको र डढेलोले बस्ती सखाप हुने गरेको बताउनुभयो ।

सांसद दीपक गिरिले दाङ जिल्लामा बाँदर र बँदेलको आतङ्क रहेको उल्लेख गर्नुहुँदै मध्यवर्ती क्षेत्रका समस्या समाधान गर्न माग गर्नुभयो । सांसद हितराज पाण्डेले पुर्खाले वनभित्र पोखरी र आहाल बनाउने गरेकामा अहिले त्यस्तो कार्यक्रम छ कि छैन भनी जिज्ञासा राख्नुभयो ।

सांसद सोविता गौतमले नेपालमा बृहत् जडीबुटी खेती गर्ने के कार्यक्रम छ भन्नुहुँदै पहिले शङ्खरापुरको बज्रयोगिनीमा रहेको जडीबुटी प्रशोधन केन्द्रलाई पुनर्स्थापना गर्न माग गर्नुभयो । सांसद रोशन कार्कीले वनभित्र लडेपडेका अर्बौंका काठ बिक्री गर्ने कार्यक्रम छ, छैन भनी जिज्ञासा राख्नुभएको थियो ।

सांसद मेटमणि चौधरीले आगलागी, मध्यवर्ती क्षेत्रका समस्या समाधान गरिनुपर्नेमा ध्यानाकर्षण गराउनुभएको थियो । सांसद बुद्धिमान तामाङले जनावरलाई बढी संरक्षण गरेर मानिसलाई कम संरक्षणमा पार्ने गर्दा समस्या आएको बताउनुभयो ।

सांसद शेरबहादुर कुँवरले आगलागी नहोस् भनी जनचेतनाका के कस्ता कार्यक्रम गरिएको छ भनी जिज्ञासा राख्नुभयो । सांसद सीता मिजारले नुवाकोटको दुप्चेश्वर क्षेत्रमा भएको आगलागीका पीडितले कहिले क्षतिपूर्ति पाउँछन् भनी प्रश्न गर्नुभएको थियो ।

सांसद निशा डाँगीले तराइ क्षेत्रमा हात्ती र मानवबीचको द्वन्द्व नियन्त्रण गर्न के कार्यक्रम छ भनी जिज्ञासा राख्नुभएको थियो । सांसद सराज अहमद फारूकीले वातावरणीय पर्यटनको के कार्यक्रम छ भनी प्रश्न राख्नुभयो । सांसद हरि ढकालले कृत्रिम वर्षा गराएर वन डढेलो रोक्न सकिने भएकाले यसतर्फ सरकारको के कार्यक्रम के छ भनी प्रश्न गर्नुभयो ।

सांसद महेशकुमार बर्तौलाले औद्योगिक क्षेत्रमा सहजीकरण गर्न वन मन्त्रालयको के कार्यक्रम छ भनी प्रश्न गर्नुभएको थियो । सांसद शङ्कर भण्डारीले तनहुँको व्यास र भानु नगरपालिकामा खुला प्राणी बनाउन जग्गा अधिग्रहण गरिएकामा अहिले के भइरहेको छ भनी प्रश्न गर्नुभएको थियो ।

सांसद अब्दुल खानले वन तथा वातावरण मन्त्रालयले कहिले एकीकृत कानुन बनाउँछ भनी जिज्ञासा राख्नुभयो । सांसद कुसुमदेवी थापाले कृषि मन्त्रालयले रासायनिक मल ल्याउने गरेकामा वन मन्त्रालयसँग मिली जैविक मल बनाए विदेशबाट मलको भर नपर्ने अवस्थाको सृजना गर्न माग गर्नुभयो ।

सांसद विना लामाले मध्यवर्ती क्षेत्रमा पटकपटक समस्या आउने गरेकाले एकीकृत रूपमा समाधानको व्यवस्था मिलाउनुपर्ने बताउनुभयो ।

सांसद अमृतादेवी अग्रहरीले वन बढाउने के योजना छ भनी प्रश्न गर्नुभएको थियो । सांसद अनिशा नेपालीले वनमा तस्करी रोक्ने के कार्यक्रम छ भनी जिज्ञासा राख्नुभएको थियो ।

सांसद योगेशकुमार भट्टराईले हिमनदी बढी पग्लिएर हिमाली क्षेत्रमा समस्या समाधान गर्ने के कार्यक्रम छ भनी सोध्नुभएको थियो ।

सांसद रामप्रकाश चौधरीले नेपालमा काठ कुहिएर जाने, विदेशबाट लाखौंको काठ आउने क्रमलाई कसरी व्यवस्थापन गर्ने भनी प्रश्न राख्नुभयो । सांसद एकनाथ ढकालले वन तथा वातावरण क्षेत्रमा रहेका समस्या समाधानका लागि सांसदले के सहयोग गर्न सक्छन् ? त्यो गर्न तयार रहेको बताउनुभयो ।

सांसदत्रय रामकृष्ण यादव, अशोककुमार चौधरी, देव तिमल्सिनाले आगलागीको समस्या प्रत्येक वर्ष दोहोरिने गरेकाले समाधानका लागि ठोस काम गर्नुपर्ने माग गर्नुभयो ।

सांसद किरणकुमार साहले मधेश प्रदेशमा घर भित्र्याउने बाली निलगाई र बँदेलले तहसनहस गर्छ यसलाई व्यवस्थापनको के कार्यक्रम छ भनी प्रश्न राख्नुभएको थियो । रासस

# भारतको ऊर्जा सप्ताहमा भाग लिन ऊर्जामन्त्री नयाँदिल्ली प्रस्थान

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का 'इन्डिया इनर्जी विक-२०२५' मा भाग लिन नयाँदिल्ली प्रस्थान गर्नुभएको छ ।

भारतको राजधानी नयाँदिल्लीमा यही माघ २९ देखि सञ्चालन हुन लागेको ऊर्जा सप्ताहमा भाग लिन मन्त्री खड्का आज दिउँसो नयाँदिल्ली प्रस्थान गर्नुभएको हो ।



भारतको पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयको संरक्षकत्व तथा भारतीय पेट्रोलियम उद्योग महासङ्घको आयोजना हुन लागेको उक्त सम्मेलनमा भारतको कम कार्बन वृद्धि अर्थ व्यवस्थाको लागि अग्रगामी मोडेलको विषयमा छलफल हुनेछ ।

ऊर्जा पहुँच, सुरक्षा, किफायती र दिगोपनको लागि भारत सरकारको प्रतिबद्धतालाई उक्त कार्यक्रमले थप उजागर गर्नेछ ।

भारतको ऊर्जा सप्ताहले सबैका लागि स्वच्छ ऊर्जा भविष्यतर्फ प्रेरित गर्ने बताइएको छ ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गर्ने उक्त कार्यक्रम १० देशका ७० हजार ऊर्जा व्यवसायी सहभागी रहने बताइएको छ ।

विभिन्न ९० सत्रमा छलफल हुने, पाँच सय वक्ताले धारणा राख्ने र सात सय कम्पनीले प्रदर्शन कक्ष राख्ने जनाइएको छ ।

मन्त्री खड्काले उक्त कार्यक्रममा 'क्लिन कुकिङ' र 'इनर्जी एक्सेस ग्याप' सम्बन्धी दुई वटा मन्त्रिस्तरीय सेसनलाई सम्बोधन गर्नुहुनेछ ।

मन्त्री खड्कासँगै कार्यक्रममा भाग लिन मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रवल अधिकारी र अर्थ विज्ञ अमित श्रेष्ठ नयाँदिल्ली प्रस्थान गर्नुभएको छ । रासस

# म्याग्दीमा सुन्तला उत्पादन २५ प्रतिशतले बढ्यो

म्याग्दी । म्याग्दीमा यस वर्ष सुन्तला उत्पादन करिब २५ प्रतिशतले वृद्धि भएको छ । सुन्तला म्याग्दीमा बिक्री हुने प्रमुख कृषि उपज हो ।

गत वर्षको तुलनामा यसपाली सुन्तला उत्पादन २४ दशमलव ७० प्रतिशतले वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख सञ्जिव बाँस्तोलाले नयाँ बगैंचा विस्तार, अनुकूल मौसम र रोग कीराको समस्या नियन्त्रण भएकाले सुन्तलाको उत्पादन बढेको बताउनुभयो ।

"गतवर्ष तीन हजार ६०० मेट्रिकटन सुन्तला उत्पादन भएको म्याग्दीमा यो वर्ष चार हजार ७८१ मेट्रिकटन उत्पादन भएको छ", उहाँले भन्नुभयो "म्याग्दीका कृषकले यसवर्ष रु ३३ करोड ४६ लाख मूल्य बराबरको सुन्तला बिक्री गरेका छन् ।"



सरदर प्रतिकिलो रु ७० का दरले सुन्तला बिक्री भएको छ । यसवर्ष प्रतिहेक्टर ११ दशमलव २५ मेट्रिकटनका दरले सुन्तला उत्पादन भएको केन्द्रका प्रमुख बाँस्तोलाले बताउनुभयो । गत वर्ष प्रतिहेक्टर आठ दशमलव छ मेट्रिकटनका दरले सुन्तला उत्पादन भएको थियो ।

जिल्लाभर ८१० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भएकामा ४२५ हेक्टरमा फल लाग्ने गरेको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ । गतवर्ष रु २४ करोड मूल्य बराबरको सुन्तला बिक्री भएको थियो ।

कृषि ज्ञान केन्द्रका प्राविधिकहरूले 'क्रप कटिङ' विधिबाट सुन्तलाको उत्पादनको अवस्थाको बारेमा उत्पादनको अवस्था पहिचान गरेका हुन् । उत्पादन दिने बोट थपिएको र मौसमले साथ दिएकाले सुन्तला उत्पादन बढेको मङ्गला गाउँपालिका-३ दहका कृष्णलाल सापकोटाले बताउनुभयो ।

राखु, मरेक, सुर्केमेला, बरंजा, भेडाबारी, अर्मन, रुम्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा २०० भन्दा बढी सुन्तला बगैंचा छन् ।

जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौं, पोखरा, मुग्लिन लगायतका बजारमा सुन्तला बिक्री हुने गरेको छ ।

यातायात सुविधा भएकाले व्यापारी सुन्तला किन्न गाडी लिएर बगैंचामै आउने गरेका छन् ।रासस

# केबलकार विवादः वार्ताद्वारा समस्या समाधान गर्न अनुरोध

काठमाण्डु । ताप्लेजुङ जिल्लाको पाथिभरा क्षेत्रमा केबलकार निर्माणका क्रममा उत्पन्न विवाद समाधान गर्न सरकारी पक्ष र आन्दोलनरत पक्षबीच आज भएको वार्ता विना निष्कर्ष टुङ्गिएको छ । यद्यपि सरकारले वार्ताद्वारा समस्या समाधान गर्न अनुरोध गरेको छ ।

"आजको वार्ता निष्कर्षमा पुगेन । वार्ताका माध्यमबाट समस्याको समधान गर्न अनुरोध गरेका छौं," सरकारी वार्ता टोलीका संयोजक गृहमन्त्रालयका सहसचिव प्रेमप्रसाद भट्टराईले भन्नुभयो ।

वार्तापछि गृह मन्त्रालयले आज राति एक विज्ञप्ति जारी गरी गृह मन्त्रालयद्वारा गठित वार्ताटोलीले समस्याको समाधानका लागि संवाद गर्न सदैव तयार रहेको जनाएको छ ।

मन्त्रालयले समस्याको समाधान वार्ताको माध्यमबाट खोज्न आग्रह गरेको छ ।

यसैबीच, आन्दोलनरत पक्षको प्रतिनिधित्व गरेको वार्ता टोलीले भने अब कर्मचारीस्तरमा वार्ता नगर्ने जनाएको छ ।

भोलि गृहमन्त्री रमेश लेखकसँग छलफल हुने वार्ताटोलीका सदस्य सरस्वता सिङ्गक(सरु) ले राससलाई बताउनुभयो । रासस


**Mithila Bihari Municipality**

**Office of the Municipal Executive**

**Tarapatti, Dhanusha**

**Madhesh Province , Nepal**

**Invitation for Electronic Bids**

**First Date Of Publication : 11th February, 2025 (29/10/2081)**

1. Mithila Bihari Municipality, Office of The Municipal Executive, Tarapatti, Dhanusha invites electronic bid from the eligible and qualified registered bidders for the procurement of following works under National Competitive Bidding(NCB), name and Contract identification number are mentioned below though the details are in the bidding document.

| S. N. | Contract identification No. | Description of work | Bid document fees NRs. | Bid security amount (In NRs.) | Bid submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | 3/1/2081-82/ NCBW/MBM | Construction of School Building of Ganga Prasad ma.vi.,Thera,mi.vi.na.pa-10 | 5000/- | 2,050,000.0 | 17th March, 2025 (5/11/2081) 0n 12:00 hour | 17th March, 2025 (5/11/2081) 0n 14:00 hour |

2. For further information please refer to PPMO's website http://bolpatra.gov.np/egp. Any amendment in notice or bid document will be posted in notice of this office or PPMO's website.

**Chief Administrative Officer**

# तराई मधेश जागरण अभियानको तयारीमा जुट्न निर्देशन



**टुडे समाचारदाता**

बर्दिवास। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टीले शुरु गर्न थालेको तराई मधेश जागरण अभियानको तयारीमा जुट्न मधेश प्रदेशका नेताहरूलाई निर्देशन दिएका छन् ।

माओवादी केन्द्र मधेश प्रदेशमा कार्यरत केन्द्रीय तहका सदस्यहरुको बैठकलाई सोमबार बर्दिवासमा बोल्दै उनले यस्तो निर्देशन दिएका हुन् । पार्टीले जनतासँग माओवादी तराई मधेश जागरण अभियान सुरु गर्न थालेको जानकारी दिँदै उनले फागुन १२ गतेदेखि शुरु हुने यो अभियान सफल हुँदा मधेशमा राम्रो आधार हुने बताए ।

झापाबाट सुरु गरेर कञ्चनपुरमा हुलाकी मार्ग केन्द्रित अभियान सकेपछि पहाड र हिमाली क्षेत्रलाई केन्द्रित गरेर मध्यपहाडी लोकमार्ग केन्द्रित पूर्वपश्चिम जागरण अभियान सञ्चालन गरिने जानकारी प्रचण्डले दिएका छन्। उनले दुवै अभियान सकिएपछि काठमाडौँमा देशभरिको पहिचान झल्कने गरी भव्य प्रदर्शन र सभा गर्ने बताए। अहिले विभिन्न जाति समुदायको अधिकार खोज्ने प्रयास भइरहेको उल्लेख गर्दै उनले यी तीनवटै अभियान पूरा हुँदा नयाँ राष्ट्रिय एकता पैदा हुने र जनताको अधिकार खोस्न चाहने तत्त्व पराजित हुने बताए ।

अभियानपछि केन्द्रीय समिति बैठक बसेर महाधिवेशनको तयारीमा लाग्ने पछिल्लो केन्द्रीय समितिको बैठकको निर्णय स्मरण गराउँदै अध्यक्ष प्रचण्डले अब नेतृत्व चुनावबाटै निर्वाचित हुने भएकाले सबैलाई कार्यकर्ता र जनतासँग जोडिएर काम गर्न पनि निर्देशन दिए ।

पहिले मधेशमा माओवादी पहिलो पार्टीका रुपमा रहेको र अहिले पनि नेता कार्यकर्ताको संख्या तथा जनमतका हिसाबले बलियो रहेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले सबै नेता कार्यकर्ताबीच बलियो एकता कायम गर्न सके फेरि पहिलो पार्टी बन्ने विश्वास व्यक्त गरे ।

# मुख्यमन्त्री सिंह असफलको सूचीमा रहेको कांग्रेसको आरोप

नेपाल निजामती कर्मचारी युनियनको जिल्ला अधिवेशनलाई सोमवार जिल्ला समन्वय समितिको सभाकक्ष गौरमा सम्बोधन गर्दै प्रचार विभाग प्रमुख गुप्ताले जब सम्म नेपाली काँग्रेसको नेतृत्वमा मधेश सरकारको निर्माण हुँदैनन् तब सम्म मधेश प्रदेशमा विकासको लहर आउदैन उनले ठोकुवा गरे ।



**टुडे समाचारदाता**

रौतहट। नेपाली काँग्रेस मधेश प्रदेश प्रचार प्रसार विभागका प्रमुख नितेशकुमार गुप्ताले मधेश प्रदेशको वर्तमान मुख्यमन्त्री सबैभन्दा असफल भएको गम्भीर आरोप लगाए।

अहिले सम्म कुल बजेको ४० प्रतिशत खर्च भईसक्नुपर्ने तर विकासको नाममा केही गर्न नसक्ने खाली भाषणमै सिमित भएको हुँदा विकासे बजेट खर्चको प्रतिशत शुन्य रहेकोमा दुख व्यक्त गर्दै अहिले सम्मका मुख्यमन्त्रीहरुको सूचीमा सबैभन्दा असफल मुख्यमन्त्री सतिश सिंह रहेको गम्भीर आरोप लगाएका हुन् । नेपाल निजामती कर्मचारी युनियनको जिल्ला अधिवेशनलाई सोमवार जिल्ला समन्वय समितिको सभाकक्ष गौरमा सम्बोधन गर्दै प्रचार विभाग प्रमुख गुप्ताले जब सम्म नेपाली काँग्रेसको नेतृत्वमा मधेश सरकारको निर्माण हुँदैनन् तब सम्म मधेश प्रदेशमा विकासको लहर आउदैन उनले ठोकुवा गरे।

भ्रष्टाचार, लुटतन्त्र, कमिशन चक्करमा रहेका वर्तमान सरकारको कार्य नीतिबाट मधेशमा विकासको नममा भ्रष्टाचार मौलाउदै गएको बताए।

कर्मचारीहरुमा एकरुपता हुनुपर्नेमा जोड दिदै नेपाली कर्मचारी प्रति हाम्रा सरकार उदाशिन रहेको बताउदै उनले मुलुकबाट भ्रष्टाचारको अन्त्यका लागि कर्मचारीहरुको तलबमा उल्लेखनिय वृद्धि गरिनुपर्ने स्पष्ट पारे। साना साना कर्मचारीलाई अख्तियारले समाउने तर ठूल ठूला सचिवहरुलाई संरक्षण गरेको हुँदा नेपालमा अख्तियार प्रतिको विश्वासमा ह्रास आएको समेत चर्चा गरे।

कर्मचारी युनियनको जिल्ला अधिवेशन पूर्ण रुपमा सफल बनोस र अधिवेशनको नीतिलाई पूर्ण रुपमा प्रतिफल प्राप्त होस भने शुभकामना विभागीय प्रमुख गुप्ताले दिए।

# नारायणी अस्पतालको पक्षमा अदालतको फैसला




**टुडे समाचारदाता**

वीरगञ्ज। नारायणी अस्पतालको मुद्दा फैसला भएको छ । सर्वोच्च अदालतमा पाँच वर्षदेखि थन्किएको मुद्दाको फैसला भएको छ।

सर्वोच्च अदालतले यसअघि निर्माण कम्पनीको पक्षमा फैसला गरेको थियो। उच्च अदाल जनकपुर अस्थायी इजलाश वीरगञ्जले आज सो फैसला उल्टाएको छ।

अदालतका न्यायाधीशद्वय हरि फुयाँल र सुनिल पोखेलको संयुक्त इजलाशले फैसला उल्ट्याउँदै शहरी विकास तथा भवन निर्माण विभागको पक्षमा फैसला गरेको छ। अदालतको यो फैसलासँगै अब अस्पतालमा ५०० शय्याको भवन बनाउने बाटो खुलेको छ।

अदालतको यो फैसलाका कारण स्वास्थ्यकर्मी, कर्मचारीसहित सम्पूर्ण वीरगन्जबासी हर्षित भएका छन्। भवन निर्माण संघर्ष समितिका संयोजक डा. निरज सिंहले अदालतको यो फैसलाप्रति खुसी व्यक्त गरे।

उनले देशमा न्याय अझैपनि बचेको भन्दै अदालतप्रति अझै सम्मान बढेको बताए । उनका अनुसार यो जित चिकित्सक, नर्स, कर्मचारी लगायत सम्पूर्ण स्थानीयवासीको हो ।

आफूहरुले एक हप्तादेखि लगातार गरेको संघर्षले फल पाएको भन्दै डा. सिंहले अब अस्पतालमा भयरहित वातावरणमा बिरामीहरुको चेकजाँच समेत गर्न पाउनेमा विश्वास व्यक्त गरे।

यसैबिच अदालतको यो फैसलालक्षित गर्दै जनप्रतिनिधि, विभिन्न पार्टीका नेता, कार्यकर्ता लगायत सम्पूर्ण वीरगन्जबासीले सामाजिक सञ्जालमा हर्ष व्यक्त गरेका छन् । उनीहरुले सामाजिक सञ्जाल फेसबुकमा स्टाटस राख्दै अदालतको यो निर्णयलाई धन्यवाद ज्ञापन गरेका छन्।

सर्वोच्च अदालतमा पाँच वर्षदेखि थन्किएको भवन निर्माण सम्बन्धि मुद्दाको छिनोफानो लगाउनका लागि दबाब दिन नारायणी अस्पतालका डाक्टर,नर्स तथा कर्मचारीहरु माघ १८ गतेदेखि 'सेतो एप्रोन' लगाएरै सडकमा उत्रिएका थिए।

उनीहरुले विभिन्न नारा लगाउदैँ त्रिभुवन राजपथ बन्द गर्नुका साथै वीरगञ्जका मुख्यमुख्य सडकमा दबाबमूलक कार्यक्रम आयोजना गर्दै आएका थिए।

# प्रतिकूल बकपत्र गरेपछि घुस दिनेविरुद्ध नै अख्तियारले हाल्यो मुद्दा

**टुडे समाचारदाता**

बारा । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले घुस दिनेविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। भ्रष्टाचारसम्बन्धी मुद्दाका प्रतिवादी दिपेश यादवविरुद्ध ७८ हजार बिगो कायम गर्दै सोमबार विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर भएको हो ।




बाराको सिम्रौनगढ नगरपालिका- ११ का यादव हुन् ।

आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार भ्रष्टाचारसम्बन्धी मुद्दामा प्रतिवादी वीरेन्द्र साह कानुन भएको घुस/रिसवत लिइ भ्रष्टाचार गरेको मुद्दामा सरकारी साक्षीका रुपमा यादवलाई अनुसन्धान अधिकृतसमक्ष पेश गरिएको थियो। उनले अनुसन्धान अधिकृतसमक्ष दिएको बयान कागजको प्रतिकूल हुनेगरी बकपत्र दिएपछि उजुरी परेको थियो।

सोही उजुरीका आधारमा अनुसन्धान हुँदा निज यादवले वकपत्र गर्दा आयोगमा अनुसन्धानको क्रममा गरेको बयान व्यहोराको प्रतिकूल हुनेगरी बकपत्र गरेको पुष्टि हुन आएपछि उनीविरुद्ध आज विशेष अदालतमा आरोप -पत्र दायर गरेको अख्तियारले जनाएको छ।


प्रतिवादी साह कानुनलाई रकम भुक्तानी दिए वापत घुस/रिसवत रकम ७८ हजार दिएको कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २ को उपदफा (३) बमोजिमको कसूर भएको हुँदा यादव र साहलाई ७८ हजार बिगो जरिवाना र सजायको माग गरिएको छ।

# आयोगका सहसचिव कुरुम्वांग पुरस्कृत

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अख्तियार अनुसन्धान सेवा पुरस्कारबाट सहसचिव रामबहादुर कुरुम्वांगलाई पुरस्कृत गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवसको अवसरमा बर्दिवास स्थित आयोगको प्रमुख समेत रहेका कुरुम्वांगलाई ३४ औं स्थापना दिवसको अवसरमा उनलाई तोकिएको जिम्मेवारी इमान्दारीता,





अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं
"भ्रष्टाचार नियन्त्रणमा नागरिक साझेदारी, सुशासन प्रवर्द्धनमा सबैको जिम्मेवारी"
अख्तियार अनुसन्धान सेवा पुरस्कार
तपाईं सहसचिव श्री राम बहादुर कुरुम्वाङ्गलाई तोकिएको जिम्मेवारी इमान्दारीता, लगनशीलता एवं दक्षतापूर्वक सम्पादन गरी पुऱ्याउनु भएको योगदानको कदर गर्दै आयोगको ३४औं स्थापना दिवस-२०८१ को शुभ-अवसरमा नगद पुरस्कार रु.२०,०००/- (बीस हजार) सहित "अख्तियार अनुसन्धान सेवा पुरस्कार" प्रदान गरिएको छ। पुरस्कृत हुनु भएकोमा हार्दिक बधाई दिँदै आगामी दिनमा समेत तपाईंको कार्यसम्पादनमा थप उत्कृष्टताको अपेक्षा गरिन्छ ।
मितिः २०८१।१०।२८
(प्रेम कुमार राई)
प्रमुख आयुक्त

भ्रष्टाचार नियन्त्रणमा नागरिक साझेदारी, सुशासन प्रवर्द्धनमा सबैको जिम्मेवारी भन्ने नाराका साथ आयोजना गरिएका लगनशीलता एवं दक्षतापूर्वक सम्पादन गरी पुर्‍याएको योगदानको कदर गर्दै २० हजार रुपैयाँसहित पुरस्कार प्रदान गरिएको छ।

# संकट टार्न कांग्रेससंग सहकार्य : वरिष्ठ उपाध्यक्ष पोखरेल



**टुडे समाचारदाता**

मलंगवा । नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले राष्ट्र संकटमा पर्दै गएपछि नेपाली कांग्रेससँग सहकार्य गर्नुपरेको बताएका छन् ।

मलंगवामा सोमबार एमालेको वडा केन्द्रित तीन महिने अभियान सम्वन्धी अभिमुखीकरण कार्यक्रममा बोल्दै नेता पोखरेलले कांग्रेससँग सहमती र प्रतिस्पर्धाको दुवै पाटोलाई बुझ्नुपर्ने बताए ।

राष्ट्रिय संकट आउँदा सहकार्य र सामान्य अवस्थामा कांग्रेससँग प्रतिस्पर्धा नै हुने पोखरेलको भनाइ छ। सरकार बन्न नै संकट, विकास ठप्प र विदेशी हस्तक्षेप बढेपछि ती संकट समाधान गर्न कांग्रेससँग सहकार्य गरिएको वरिष्ठ उपाध्यक्ष पोखरेलले पार्टीका अगुवा कार्यकर्तालाई प्रष्ट पारे । उनले २०८४ को निर्वाचनमा बहुमत ल्याएर राष्ट्र बनाउने र देशलाई स्थिरता दिने एमालेको योजना रहेको सुनाए।

पोखरेलले माओवादीप्रति लक्षित गर्दै फेरि म्याजिक नम्बरमा देश गए बर्बाद हुने बताए। एमालेलाई जरो तहसम्म मजबुद बनाउन वडा केन्द्रित तीन महिने अभियान सञ्चालन गरिएको एमाले वरिष्ठ उपाध्यक्ष पोखरेलले उल्लेख गरे।


कार्यक्रमलाई पार्टीको संगठन विभाग प्रमुख काशिनाथ अधिकारी, पार्टीका नेता एवं पूर्व मन्त्रीद्वय लीलानाथ श्रेष्ठ र हरिप्रसाद उप्रेती, मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डललगायतले बोल्दै अभियानलाई सफल बनाउन अगुवा नेता, कार्यकर्तालाई आग्रह गरे।

जनताका गुनासा तथा समस्या सुन्ने, समाधानका लागि पहल गर्ने र साथसाथै पार्टीको संगठन विस्तार तथा सुदृढीकरण गर्ने उद्देश्यसहित वडा केन्द्रित तीन महिने अभियान सञ्चालन गर्न लागिएको एमाले सर्लाहीका अध्यक्ष राजनारायण साहले जानकारी दिए । सर्लाहीमा २० पालिकाका दुई सय वटै वडामा यो अभियान सञ्चालन गरिने एमालेले जनाएको छ।

# गाउँबस्ती नजिक वन्यजन्तु बस्दा स्थानीय प्रभावित

**टुडे समाचारदाता**

बर्दिवास । पछिल्लो समय जंगली वन्यजन्तु गाउँबस्ती वरिपरि बसोबास गर्न थालेपछि बास प्रभावित भएको छ। पछिल्लो एक दशकपछि गाउँबस्ती वरिपरि बँदेलको संख्या बढ्नेक्रम जारी छ। शुरूमा सिकारीको चहलपहल छल्न र आहाराको खोजीमा वन क्षेत्रबाट बस्ती पसेका बँदेल गाउँबस्तीमै प्रवेश गर्न थालेपछि स्थानीयवासीको बास प्रभावित भएको छ । बँदेलका शाखा सन्तानसमेत वृद्धि भएपछि बस्ती नजिकका झाडी यिनको नयाँ बासस्थान बनेको स्थानीयवासी बताउँछन् ।



"हाम्रो गाउँको पुछारमा दशगजा (नेपाल-भारत सीमा) नजिकका झाडीमा बँदेलका तीन/चार पुस्ता देखिन्छन्," जलेश्वर-५ स्थित चौरियाका ७५ वर्षीय रहिमन मण्डल भन्छन्, "यिनलाई किसानले लगाएका बाली आहारा छँदैछ, बस्न झाडी खोज्छन्, अनि किन सम्झुन् वनजङ्गल !" मण्डलले सीमाक्षेत्रका चौरिया, पतैली, मुसरपट्टि र खैरासम्मका आफ्ना वरपरका बस्ती नजिक अब झुण्ड-झुण्डमा बँदेलको स्थायी बसोबास बढेको बताए।

दक्षिणतर्फ भारतसँग सीमा जोडिने पूर्व मटिहानीदेखि पश्चिमको खैरवनीसम्मको करिब ३९ किलोमिटरसम्म बँदेलको सघन उपस्थिति छ । अझ नदीउकास क्षेत्रका काँसका झाडी भएका ठाउँमा त झन् बढी बँदेल देखिने गरेको खैरवनीका बासिन्दा कौशीलाल यादव बताउनुहुन्छ। नेपालतर्फ मात्र नभएर सीमापारिका भारतीय बस्तीमा पनि उल्लेख्य संख्यामा बँदेल देखिने गरेको यादवको भनाइ छ।

जिल्लाको बर्दिबासबाट १५ किलोमिटर दक्षिणको भंगाहा नगरपालिका क्षेत्रका अधिकांश बस्तीमा अहिले बँदेलको आतंक छ । उखु नकाटिउन्जेल त्यसैको घारीमा बस्ने बँदेल एक ठाउँको उखु काटिएपछि नजिककै अर्कोतिर बास सारेर बस्ने गरेका भंगाहा-४ का सामाजिक कार्यकर्ता ६५ वर्षीय मुकुन्द दाहाल बताए।

बँदेलको आतंकले घाँसपात गर्न, खेतबारी हेरविचार गर्न र घुमफिरमा निस्कन डरमर्दो भएको दाहालको भनाइ छ । तर पाँच/सात वर्षअघि भर्खर वनबाट बस्ती नजिक आएका बँदेलको जस्तो जंगली व्यवहार भने अहिले यस क्षेत्रमा पाइने बँदेलको नरहेको दाहालको अनुभव छ । बँदेलले धेरैजसो ससाना केराका कोथा, कोवी, गहुँ, हरिया तरकारीका बोट उखेलेर खाने गरेको किसानको गुनासो छ। "हामीले यिनको आतंकले पछिल्ला ४/५ वर्षयता राम्ररी बाली लिन पाएका छैनौं," रामगोपालपुर-२ मोहनपुरका मोहम्मद कादिर हुसैन भन्छन्, "अब त यिनकै लागि बाली लगाएजस्तो भएको छ।"

बँदेलजस्तै नीलगाई पनि अब जिल्लाका सुदूर दक्षिणी बस्तीसम्म बाक्लै भेटिन्छन्। नीलगाई चाहिँ वनतिर ओहोरदोहोर गरिरहेका अवस्थामा भेटिने गरेको औरही नगरपालिका-४ स्थित बैरियाका रामस्नेही यादव बताए । "बँदेल त यतै स्थायी रूपले बस्न थालेका छन्, नीलगाई भने यता चरेर केही दिनको फरकमा वनतिर आउनेजाने गरिरहेका बुझिन्छ," यादव भन्छन्, "यद्यपि नीलगाई पनि ठाउँठाउँमा निकै संख्यामा देखिन्छन् ।" अब बँदेल र नीलगाई वन्यजन्तु नभएर बस्ती वरपर बसोबास गर्ने जन्तुसरह बनेका यादवसहितका सो बस्तीका बासिन्दा बताउँछन्।

जिल्लाका १५ वटै स्थानीय तहका बस्ती वरपर अहिले बँदेल र नीलगाईको उत्पातले किसान दिक्क भइरहेका छन् । यिनको नियन्त्रणमा सरकारले पहलकदमी नलिएको किसानको दुखेसो छ। "हामी स्थानीय तह, प्रहरी, प्रशासनमा हारगुहार गरेको गरिरहेका छौं," बलवा नगरपालिकाको रौजाका मन्सुल कवारी भन्नुहुन्छ, "तर भरपर्दो कुनै उपाय खोजिएको देखिँदैन।"

बँदेल, नीलगाईसँगै अब दुम्सी पनि गाउँबस्ती नजिक बाक्लै देखिन थालेका छन् । दुम्सीको बासस्थान पनि उखुघारी र काँसझाडी नै हुने गरेको स्थानीय बासिन्दा बताउँछन् ।

# भारतीय प्रहरी सीमा सुरक्षा बलको कुटपिटबाट पण्डित घाइते

**बखतियार अली**

मलंगवा। भारतीय प्रहरी सीमा सुरक्षा बल ककदको कुटपिटबाट सर्लाहीको विष्णुपुर गाउँपालिका वडा नम्बर ५ का राजिव पण्डित घाइते भएका छन् ।

सोमबार विष्णुपुर गाँउपालिकाको फेन्हारा स्थित बोर्डरमा रहेको आफ्नो खेतमा घुम्न जाँदा दशगजा क्षेत्रको गस्तीमा खटेर बसेका भारतीय प्रहरी सीमा सुरक्षा बल ककद का जवानहरुले अनाहकमा तिमि बोर्डरमा किन आएको भन्दै अथानाम कुटपिट गरेको छ । एसएसबीको कुटपिटबाट निज पंडितको बाया खुटटा भाचेको छ । घाईते पंडितको उपचार




प्रादेशिक असपताल मलंगवामा उपचार भईरहेको निजका आफन्तहरुले बताए । केहि दिन देखि बिष्णु गाँउपालिकाको फेन्हारा स्थित बोर्डरमा भारतीय प्रहरी एसएसबीले नेपालीहरु आफनो खेतखलिहान घुम्न जादा वा कुनै काम बिषेशले भारतमा जानु पर्दा दशगजा क्षेत्रमा गाली बेईज्ती गर्ने केहि बोलियो कि कुटपिट समेत गर्न थालेपछि यस भेगका जनतामा आतंक सृजना भएको छ । यस सम्बन्धमा नेपाली प्रहरीलाई जानकारी गराए पनि केहि पनि नगरेको स्थानीय कपिलदेव रायले भने। भारतीय प्रहरी एसएसबीको ज्यादती बढेपछि स्थानीयहरु दशगजा क्षेत्रमा जानलाई समेत डराउन थालेको सोही ठाउ बस्ने रामप्रसाद यादवले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८